महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

(बबरमहल)

पत्र संख्याः २०७८।७९
च.नं. ६२४

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बलेफी गाउँपालिका, सिन्धुपाल्चोक ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ७९ लाख ३४ हजार बेरुजू देखिएको छ। सो बेरुजू मध्ये असुल गर्नुपर्ने रू.३० लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ लाख ७५ लाख ८८ हजार, नियमित गर्नुपर्ने रू.१ लाख ७२ लाख ६४ हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु ४ करोड ८ लाख ६ हजार बेरुजू बाँकी रहेकोमा आ ब ०७६।७७ को बक्यौता लेखा परीक्षण प्रतिवेदनबाट कायम बेरुजू रु २ करोड ७५ लाख १६ हजार तथा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ७९ लाख २१ हजार रहेको छ । बलेफी गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५०	९३	४७९३४	०	०	०	५०	९३	४७९३४	३०८२	१७२६४	२७५८८	०	०	४४८५२	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	आ ब ०७५।७६ सम्मको बाँकी बेरुजू	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	आ ब ७६।७७ को लेखापरीक्षण प्रतिवेदनबाट कायम बेरुजू	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुपाल्चोक	४०८०६	०	८३३५	३२४७१	२७५१६	४७९३४	१०७९२१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक , बलेफी गाउँपालिका , सिन्धुपाल्चोक

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	देवीलाल सापकोटा	२०७८-१०-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	शैलेन्द्र कुमार भण्डारी	२०७७-४-१	
लेखा प्रमुख	कुशल अधिकारी	२०७७-४-१	
		बेरुजु रकम	४७,९३३,९५३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,७३,७१,४७८.०९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२,५९,२९,०६६	चालु खर्च	२५,४८,२८,२६७.१
प्रदेश सरकारबाट अनुदान	५,८४,५९,०००	पूँजीगत खर्च	१७,९५,४०,११२
राजश्व बाँडफाँट	६,८२,०५,१५६.५	वित्तीय/अन्य व्यवस्था	५,३५,३२,९६८
आन्तरिक आय	८५,८९,३८८.९९		
अन्य आय	१,१६,७०,३१६.५		
कुल आय	४७,२८,५२,९२७.९९	कुल खर्च	४८,७९,०१,३४७.१
बाँकी मौज्दात		३,२३,२३,०५८.९५	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
परिचय
परिचय– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>
लेखापरीक्षणको क्रममा असुली
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सामाजिक सुरक्षा निष्क्रिय लाभग्राहीको नाममा रहेको रकम</td><td>५९२५०१</td></tr>
<tr><td>२</td><td>बनसाँघु मावि शिक्षक तलबमा बढी निकासा</td><td>३७९९०</td></tr>
<tr><td colspan="2">जम्मा रु.</td><td>६३०४९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
एकीकृत आर्थिक विवरण
पालिकाले पेश गरेको आर्थिक वर्ष २०७७।७८ को एकीकृत आर्थिक विवरण देहाय अनुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि नं</th><th colspan="2">आय</th><th rowspan="2">सि नं</th><th colspan="2">व्यय</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>१</td><td>पालिका चालु</td><td>८८१४७९०५</td></tr>
<tr><td>१.१</td><td>संचितकोष खाता</td><td>२४५७१३३२</td><td>२</td><td>पालिका पुजिगत</td><td>१४८५५०३६१</td></tr>
<tr><td>१.१</td><td>चालु खर्च खाता</td><td>९५१५९९७</td><td>३</td><td>संघीय सरकार सशर्त चालु</td><td>१६४१४७७३४</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१.१	पुजिगत खर्च खाता	८३४५८६६	४	संघीय सरकार सशर्त पुजिगत	१८०४५५६२
१.१	राजस्व बाँडफाड खाता	१०५३५१७	५	प्रदेश सरकार सशर्त चालु	४३५९५०२
१.१	आन्तरिक राजस्व खाता	१६८०६४	६	प्रदेश सरकार सशर्त पुजिगत	१२९४४१८९
१.१	बाँडफाँडबाट प्राप्त राजस्व खाता	१३२७२७६	७	आव २०७६।७७ को सशर्त अनुदान फिर्ता	१२४५७७७४
१.१	धरौटी खाता	१६२६१६५	८	आव २०७६।७७ को समपुरक अनुदान फिर्ता	५६८७७०६
१.१	प्रकोप व्यवस्थापन खाता	७६३२६२			
२	आन्तरिक आय		९	आर्थिक वर्ष २०७७।७८ को संघ सशर्त फिर्ता	१४६७११८०
२.१	आन्तरिक आम्दानी	५६६३४८९	१०	आर्थिक वर्ष २०७७।७८ को प्रदेश सशर्त फिर्ता	१६९६३०९
२.२	दहत्तर बहत्तर	२९२५९००		आर्थिक वर्ष २०७७।७८ को प्रदेश समपुरक फिर्ता	१७२४८०१५
३	संघ सरकार		११	अम्वे कन्ट्रक्सनलाई कर फिर्ता	४२९३९९
३.१	समानीकरण	११८६०००००	१३	धरौटी फिर्ता	१३४२५८५
३.२	शशर्त	१९२३२९०६६			
३.३	विशेष	१५००००००	१४	बैक मौज्दात	
४	प्रदेश सरकार		१४.१	धरौटी खाता	४४०८१६४
४.१	समानीकरण	९९२६०००	१४.२	विभाज्य कोष खाता	५०२८६०
४.२	शशर्त	१५५०००००	१४.३	बाँडफाँडबाट प्राप्त राजस्व खाता	२०२७८४१५
४.३	समपुरक	२९५३३०००	१४.४	संचितकोष खाता	१२६३७४५
४.४	विशेष	३५०००००	१४.५	चालु खर्च खाता	३७२४३७१
५	प्रदेश सरकार राजस्वबाँडफाँड	१६०७३२९०	१४.६	शिक्षासमन्वय ईकाई मौज्दात	६०९००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

६	संघ सरकार राजस्वबाँडफाँड	५२१३१८६७	१४.७	पुजिगत खर्च खाता	११९७०६
७	धरौटी खाता	४१२४५८४	१४.८	आन्तरिक राजस्व खाता	२४०६१८
८	एलजिसिडीपी	३५३५८३	१४.९	प्रकोव व्यवस्थापन खाता	१७२४२८०
९	सडक बोर्ड	१९०००००	१५.०	दाखिला बाँकी कर रकम	-१८२६८७४
१०	जिल्ला समन्वय समिति	३७३१२५०			
११	आन्तरिक मामिला मन्त्रालय	५०००००			
१२	स्वास्थ्य मन्त्रालय	१००००००			
१३	शिक्षासमन्वय ईकाई	६०९००			
	जम्मा	५२०२२४४०६		जम्मा	५२०२२४४०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**लेखापरीक्षण सिमा** उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।	
५			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३५ र यो बर्ष थप भएको ८७ गरी कुल १२२ विवाद दर्ता भएकोमा ४७ वटा मात्र फछ्र्यौट भई ७५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**सार्वजनिक जग्गा अतिक्रमण**	
६.१			सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको खाँडीचौर, लामोसागु, फलेफी लगायतको बजारक्षेत्र सार्वजनिक जग्गा अतिक्रमण तथा अरनिको राजमार्गको राईट अफ वे अतिक्रमण गरी भवन तथा संरचना बनाएको देखिन्छ । पालिकाले अतिक्रमित जग्गाको तथ्यांक छानबिन गरी अतिक्रमण हटाउन पहल गरेको देखिएन । सार्वजनिक जमिन तथा सम्पत्तिको संरक्षण गरी गराई अभिलेख राख्नु पर्दछ । 	
६.२			पालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख अभिलेख अद्यावधिक गरेको देखिएन। सार्वजनिक सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन। संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भएको र अनुगमन नगरेको अवस्था छ।	
७			**कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २५ जना कर्मचारीहरु करारमा राखी रु. ८८००००० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ४०९१५०० भुक्तानी गरेको छ।	
८			**रकमान्तर**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.१			पालिकाको वडा नम्बर २ भवन निर्माणको लागि स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु २५ लाख तथा पालिका पूजिगत तर्फ रु २० लाख बजेट विनियोजन भएको देखिन्छ ।उक्त रकम गाउ कार्यपालिकाको २०७८।२।१६ लगायतको बैठकबाट स्थानिय पूर्वाधार विकास साझेदारी तर्फको रकम रत्न राज्य मा बि मा कोभिड आईसोलेसन निर्माणमा रु १० लाख तथा जलबिरे प्राथमिक स्वास्थ्य केन्द्रमा एक्सरे मेसिन खरिद गर्नको लागि रु १५ लाख आर्थिक बर्षको अन्त्यमा कार्यक्रम संशोधन गरी खर्च गर्ने निर्णय भएको छ । खर्च शिर्षकनै फरक पारी रकमान्तर गर्ने कार्य नियमित देखिएन । यसरी रकमान्तर गर्दा स्थानिय तहमा पदाधिकारीहरु नियुक्ती भएको ५ बर्ष कार्यकालको आखिरी समय सम्म पनि वडा कार्यालय भवन निर्माणको थालनिनै नहुने अवस्था देखियो । स्थानिय बिबादको समयमै समाधान गरी तोकिएका योजनाहरु स्विकृत कार्यक्रम बमोजिमनै खर्च गर्नु पर्दछ । आर्थिक वर्षको अन्त्यमा कार्यक्रम संशोधन तथा रकमान्तर गर्दा प्रतिस्पर्धा सिमित भई खरिद व्यवस्थापन मितव्ययी नहुने तर्फ सम्बन्धित निकाय र पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । रु	२,५००,०००
८.२			कार्यलयको सूत्रमा आवद्ध लेखा प्रणाली अनुसार बिभिन्न ४७ योजनामा विनियोजित रकम रु ७ करोड ४७ लाख ४६ हजार घटाई सोहि रकमबाट २० हजार सम्ससमका (पुल पधेरो संरक्षण) साना योजना थप तथा केहि योजनामा रकम बृद्धि समेत गरि १३२ योजनामा रकम बाडफाँड भएको छ । वजेट कार्यान्वियन गर्ने समयमा पटक पटक रकमान्तर गर्दा खरिद कार्य प्रभावित हुने र स साना योजनामा वजेटको विनियोजन गर्दा दिगो उपलब्धि हासिल गर्न नसकिने तर्फ पालिकाले ध्यान दिएको छैन ।	
८.३			वडा नम्बर २ पालिका भवन निर्माणको लागि गाँउपालिका पूजिगत तर्फबाट बिनियोजन भएको रु २० लाख रकमान्तर गरी सूत्रबाट घटाएको देखियो । यस शिर्षकबाट घटाएको रकम कुन शिर्षकमा थप भई खर्च भएको हो सो को प्रमाणको लागि गाँउ सभाको निर्णय पेश भएन । पालिका अध्यक्षले उक्त रकम खर्च नभई पालिका सञ्चित कोषमानै रहेको जानकारी गराउनु भएको छ ।	
९			**विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १९०१७६१ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन। तर कार्यालयले पालिकाबाट वितरण गरिने अनुदान तथा आर्थिक सहायता वितरण कार्यविधि तयार नगरी आर्थिक हैसियत कमजोर भएका तथा विपद्मा परेका गाउँबासी नागरिकहरुको स्वास्थ्य उपचार, अन्य आर्थिक सहयोगका लागि बजेटमा नै व्यवस्था गरी नेपाल सरकारले तोके अनुसारको असाध्य रोगहरुबाट ग्रसित पालिका अन्तर्गतका नागरिकहरुलाई उद्दार राहत तथा पुनस्थापना शिर्षकबाट रु. २७०००० खर्च गरेको देखिन्छ।साथै पालिकाले वडामा रु २१००००० बजेट व्यवस्थापन गरी सोही प्रकृतिको रु २१९२१७६ खर्च गरेको छ। उक्त बजेटबाट वडाले विपद् व्यवस्थापन र आकस्मिक खर्च व्यवस्थापनमा वडाको शिफारिस अनुसार आर्थिक सहायता उपलब्ध गराउदै आएको छ। यी बाहेक पालिका अध्यक्षज्युको तोक आदेश अनुसार अन्य शीर्षकबाट समेत खर्च लेखेको पाईयो।यस्ता खर्च लेख्दा वडागत बजेट नछुट्याई कार्यविधि वनाई आवस्यकताको आधारमा मात्र खर्च गर्ने तथा वितरणमुखी खर्चमा नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।	
११			**शिक्षक अभिलेख व्यवस्थापन** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्र संचालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब, भत्ता खाने अनौपचारिक तथा वैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक वालबिकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरुको नियुक्ती, सरुवा, अवकाश, विदामा रहेका तथा राजिनामा सम्बन्धी विवरण प्रमाणित गरी अभिलेख राखेको छैन। लेखापरीक्षणको क्रममा केही शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि एक आर्थिक वर्षभरीको सम्पूर्ण शिक्षकहरुको अभिलेख प्राप्त भयो भन्न सकिएन । पालिकाले यस सम्बन्धमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको नियुक्ती, सरुवा, अवकाश, विदामा रहेका तथा राजिनामा सम्बन्धी सम्पूर्ण विवरण सहित अभिलेख अद्यावधिक तथा प्रमाणित गरी राख्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**भौतिक पूर्वाधार निर्माण अनुदान** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्विकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा विद्यालय भौतिक पूर्वाधार निर्माणको अनुदान प्रकृया सम्वन्धी व्यवस्था छ । जस अनुसार स्थानिय तहले आफ्नो क्षेत्र भित्रका सामुदायिक विद्यालयको भौतिक सर्वेक्षण गरी कार्यक्रम संचालन गर्न प्रार्थमिकताक्रम निर्धारण गरी सूचकांक सहितको विवरण तयार गर्ने, सूचकांकका आधारमा विद्यालयसँग भाद्र मसान्त भित्र संझौता गर्ने, स्विकृत डिजाईन विद्यालयगत रुपमा छनौट गरी प्राविधिकबाट लागत अनुमान तयार गरी सम्झौता पश्चात पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिशत, स्टक्चरल पार्ट को कार्य सम्पन्न भए पश्चात ५० प्रतिशत र कार्यक्रम सम्पन्न भए पश्चात नापी किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्वन्धित साईड ईन्जिनियर, विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निर्माण समितिको अध्यक्षबाट प्रमाणित गरी पेश गरेपश्चात अन्तिम किस्ता बापत २० प्रतिशत अनुदान दिने उल्लेख छ ।यो वर्ष देहायका विद्यालयहरुलाई भौतिक निर्माण कार्यको लागि बजेट फ्रिज हुन नदिने उद्देश्यले असारको अन्त्यतिर अनुदान निकाशा भएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएका प्रक्रिया अभिलेख गरी लेखापरीक्षणको लागि पेश भएन ।साथै विद्यालयमा आईसिटि ल्याब , भौतिक निर्माणको लागि निकाशा भएको रकमबाट सम्झौता बमोजिम निर्माण सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन समेत पेश नभएको हुंदा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ । रु	३,८५०,०००

गो.भौ.	खर्च शिर्षक	विद्यालयको नाम	निकासा रकम
१३५।०७८।३।२२	राष्ट्रपति शैक्षिक सुधार	बलेफी मावि	१८०००००
१४६।०७८।३।२४	विद्यालय भौतिक पूर्वाधार निर्माण	आनन्द मावि	७०००००
१४६।०७८।३।२४	विद्यालय भौतिक पूर्वाधार निर्माण	करङ्गैरा मावि	७०००००
१३४	विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण((ICT)	वनकाली आवि	६५००००
जम्मा रु.			३८५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**निजी विद्यालय व्यवस्थापन र अनुगमन** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ। तर पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण तयार नगरेको जनाएको छ। पालिकाले नियमानुसार मापदण्ड बमोजिम निजी विद्यालय अनुगमन गर्ने, निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम भए-नभएको अनुगमन गर्ने तथा सोको प्रतिवेदन प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।	
१४			**निशुल्क पाठ्यपुस्तक वितरण** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।०७८ को क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । सो अनुरुप प्रत्येक स्थानीय तहले IEMIS मा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराइ सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणीत गरी सोका अधारमा आवश्यक कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनु पर्ने व्यबस्था रहेको छ। पालिकाले ३२ विद्यालयलाई पाठ्यपुस्तक बापत रकम निकासा गरेको छ। निकासा गरिएको रकमबाट विद्यालयहरुले के-कति पुस्तक खरिद गरे सो सम्बन्धमा पुस्तक खरिदको बिल भर्पाई प्राप्त भएको छैन। पालिकाले IEMIS अनुसार विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदका लागि रकम निकासा गरेको तर IEMIS प्रतिवेदन बमोजिम सबै विद्यालयका विद्यार्थीहरुका लागि पाठ्यपुस्तक खरिदका लागि रकम निकासा गरेको शिक्षा शाखाको भनाई रहेको छ।पालिकाले रकम निकासा पश्चात सम्बन्धित विद्यालयबाट कति रकम बराबरको पुस्तक खरिद गरेको हो सोको बिल भर्पाई पेश भएको छैन।पालिकाले निकासा दिएको रकमबाट सबै विद्यार्थीहरुले पाठ्यपुस्तक पाए, नपाएको सम्बन्धमा पालिकाबाट यकिन भई अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ। रु.	२,०१०,६१९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**स्यानिटरी प्याड वितरण** स्यानीटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को बुदा नं ५ मा विद्यालयमा रहेका छात्रको संख्या यकिन गरी विद्यालयले माग गरे अनुसार स्यानीटरी प्याड उपलब्ध गराउने तथा बुदा नं ६ मा विद्यालयले पालिकाबाट प्राप्त स्यानीटरी प्याड जिन्सी खातामा अभिलेख व्यस्थित गरी छात्राहरुको नामनामेसी स्पष्ट खुल्ने गरी वितरणको अभिलेख अध्याविधिक गर्नुपर्ने व्यवस्था छ । साथै सोही कार्यविधिमा विद्यालयबाट वितरण भएको स्यानीटरी प्याडको वितरणको अवस्था लगायतका विषयमा पालिकाबाट अनुगमन हुनुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष शसर्त अनुदान अन्तरगत सामुदायिक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यबस्थापनका गो.भौ.१४८।०७८।३।२४ मा दिपेश ईन्टरप्राईजेजबाट प्रति प्याकेट रु ६४।४१ का दरले ७७५४ प्याकेट रु.४९९४३५।१४ मा खरिद गरेको छ । । सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि, २०७६ मा खरिद गर्नुपर्ने प्याडको साईज तथा गुणस्तर तोकिएकोमा पालिकाले खरिद गरेको स्यानिटरी प्याड तोकिएको गुणस्तर बमोजिम प्राप्त भएको भनी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको देखिएन। कार्यविधिको परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्नेमा सो बमोजिम गरेको देखिएन। तसर्थ कार्यविधिमा तोकीए अनुसार छात्राहरुलाई वितरण गरेको नामनामेसी सहितको अभिलेख तथा पालिकाबाट भएको अनुगमन सम्बन्धी प्रमाण पेश गर्नु पर्दछ ।	४९९,४३५
१६			**विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड** शिक्षा सेवा नियमावली, २०५९ को परिच्छेद-५ को नियम २१ मा स्थानीय तहभित्र एक शिक्षा समिति रहने र शिक्षा समितिले विद्यालय शिक्षा योजना सम्बन्धी अभिलेख बनाई अद्यावधिक गर्ने, त्यस्तो योजनाको अनुगमन गर्ने, सुझाव दिने, विद्यालय शिक्षाको गुणात्मक विकासको लागि सुपरीवेक्षण र अनुगमन गरी विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सुझाव दिने, शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम संचालन गर्ने विद्यालयको भौतिक स्थितिको अध्ययन गर्नुपर्ने व्यवस्था उल्लेख छ। तर पालिकाले उल्लेखित कार्यहरु गर्नका लागि सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्डका लागि अनुसूची तयार गरी विद्यालयलाई अनुसूची भर्न लगाउने र सोही आधारमा शैक्षिक गुणस्तर मूल्याङ्कन गरिने कार्यालयले जनाएको छ। तर उक्त मापदण्डको अनुगमन गरी प्रतिवेदन सार्वजनिक नगरेको पालिकाले जनाएको छ।पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित अधिकार तथा कर्तव्य अन्तर्गत आधारभूत तथा माध्यमिक तह सम्मको सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गर्ने, मापदण्ड बमोजिम अनुगमन गर्ने, अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिक गरी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न मद्दत गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**मोविलाईजेशन पेश्की** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी सि एम कन्स्ट्रक्सन प्रा लिलाई २०७८।३।२९ मा पेश्की ग्यारेण्टी लिई रु ४२९६०००। गराएको छ । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।	
१८			**विपद् व्यवस्थापनः**	
१८.१			आ व २०७७।७८ को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।	

सि नं	आम्दानि विवरण	रकम	सि नं	खर्च विवरण	रकम
१	अल्या	७३३२६२	१	खमारे बस्ती स्थानान्तरण खर्च वडा नं १	१९०५४९७
२	चालु खाताबाट रकम ट्रान्स्फर	९६३१५००	२	वडा नं ८ को बस्ती संरक्षण खर्च	५३७७०
३	पूजिगत खाताबाट रकम ट्रान्स्फर	३२०००००	३	कोरोना उपचार तथा नियन्त्रणका लागि औषधि तथा सामान खरिद	३३९१३६६
४	बागमती प्रदेसबाट प्राप्त रकम	५०००००	४	कोरोना पोजेटिभलाई सहयोग रकम	११३६०००
५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपाल सरकारबाट प्राप्त रकम	१००००००	५	आनन्द मा वि जलविरे क्वारेन्टिन व्यवस्थापन खर्च	१०५६५२९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			६	कोरोना कोष कट्टी रकम	३५११५८५	६	आईसोलेसन खर्च रकम जुगल गाउँपालिका	८७९४४५	
						७	जुगल गा पा र बाह्रबिसे न पा लाई सहयोग	४०००००	
						८	वडा नं १ वडा कार्यालय भवन मर्मत	५५००००	
						९	बेत्राबती आ वि भवन मर्मत	१६२१८६	
						१०	बाढी पहिरो विपद् व्यवस्थापन तथा राहत सहयोग	४६९१९६	
						११	अंधेरी मांखा सडक जालि तथा सरसफाई	६५६०००	
						१२	जलविरे प्राथमिक स्वास्थ्य केन्द्र मर्मत	६२२९४०	
						१३	अक्सिजन सिलिण्डर धरौटी खर्च	१५००००	
						१४	बलेफी मा वि मर्मत	७००००	
						१५	सुचना प्रकाशन खर्च	१०७६००	
						१६	स्वाव ढुवानी खर्च	४६०७७०	
						१७	कोभिड अस्पताल व्यवस्थापन खर्च	६१६८३९	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>१८</td><td>स्वाव संकलन भ्रमण खर्चा</td><td>१०६९९०९</td></tr>
<tr><td></td><td></td><td></td><td>१९</td><td>कन्टिन्जेन्सी बापतको रकम खर्च नभइ बाकी रहेको</td><td>३६१८०</td></tr>
<tr><td></td><td></td><td></td><td>२०</td><td>बैक बाकी</td><td>१७२४२८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५४८२३२७</td><td></td><td>जम्मा</td><td>१५४८२३२७</td></tr>
</table>
वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>पालिकाले खोप अनुदानमा प्राप्त गरेको छ। कति खोप प्राप्त भयो भन्ने विषयमा कुनै पनि रेकर्ड नराखिएको पालिकाको भनाई रहेकोछ । प्राप्त खोप मध्ये देहाय बमोजिमको मात्रामा लगाइएको र बाकी मात्रा पालिका अन्तर्गत स्वास्थ्य कार्यालयमा रहेको जानकारी प्राप्त भएको छ। खोप जस्तो संवेदनसिल विषयमा पालिकाले सहि रेकर्ड राख्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।
<table>
<tr><th>भ्याक्सिनको नाम</th><th>पहिलो डोज</th><th>दोस्रो डोज</th><th>थप डोज</th><th>खोप लगाइएको</th><th>बिग्रिएको</th><th>जम्मा खर्च</th><th>बाकी</th></tr>
<tr><td>कोभिसिल्ड</td><td>२०२३</td><td>२०००</td><td>१०२७</td><td>५०५०</td><td>२००</td><td>५२५०</td><td>७१६</td></tr>
<tr><td>भेरोशिल</td><td>७३३७</td><td>६८३८</td><td>४६३</td><td>१४६३८</td><td>५००</td><td>१५१३८</td><td>८४</td></tr>
<tr><td>मोडेर्ना</td><td>१७३०</td><td>१५०९</td><td>०</td><td>३२३९</td><td>५५</td><td>३२९४</td><td>०</td></tr>
<tr><td>जोनसोन</td><td>११९८</td><td>०</td><td>०</td><td>११९८</td><td>०</td><td>११९८</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>१२२८८</td><td>१०३४७</td><td>१४९०</td><td>२४१२५</td><td>७५५</td><td>२४८८०</td><td>८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कोरोनाको समयमा औषधि तथा औषधि जन्य सामाग्री खरिद गर्दा औषधिको म्याद कती बाकी तथा आबश्यकता बमोजिमको सामान आए नआएको विषयमा समितिले यकीन गरेको पाईएन। पालिकाले प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नेतर्फ ध्यान दिनु पर्दछ।
<table>
<tr><th>गो भौ नं</th><th>आपूर्तक</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>८</td><td>ओम मेडिकल एण्ड सर्जिकल सप्लायर्स</td><td>मेडिकल सामाग्री</td><td>३६२१५६</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

९	विवेक ट्रेडर्स	जस्ता खरिद	४२६७०३
१२	ओम युनाइटेड ट्रेड कन्सर्न	मेडिकल सामाग्री	४९६६३५
१५	चामुण्डा हार्ड वेयर	जस्तापाता	३५४८८२
२४	विवेक ट्रेडर्स	जस्तापाता	३७१७८१
२५	राजु।बगरे इन्टरप्राइजेज	ग्यास चुलो	२१३६७१
३६	जनमुक्ति हेल्थ इन्टरप्राइजेज	मेडिकल सामाग्री	११९३२८
४०	झरना इन्टरप्राइजेज	औषधि	५४८४१९
५२	पि एण्ड जी सर्जिकल सप्लायर्स	मेडिकल सामाग्री	१०७०६७
६५	ओम युनाइटेड कन्सर्न	मेडिकल सामाग्री	३५२५६०
६८	सालघारी मेडिहेल्थ कन्सर्न	औषधि	४९४९४०
६८	देशभक्त ट्रेडर्स	औषधि	१४६९००
७०	देशभक्त ट्रेडर्स	औषधि	३२९९६०
७७	मेडिसेल्स मेडिको फर्मा	औषधि	४९९८१०
८४	युनाइटेड।डालिमा	औषधि	१५६९९२
८५	सालघारी इन्टरप्राइजेज प्रा लि	औषधि	३६६१२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा ५३४७९२४	
१९			**आन्तरिक नियन्त्रणः** • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२०			**खर्च विश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ८५८९३८८। राजस्व बाँडफाँड र अनुदानबाट रु ४५८२२४४७१। समेत रु ४६६८१३८५९। आम्दानी भएकोमा चालु तर्फ रु २५६६५५१४१। र पूँजिगत तर्फ रु १७९५४०११२।समेत रु ४३६१९५२५३।खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ८४९४९६०। खर्च भएको छ जुन आन्तरिक आयको ९८.·९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.८४ प्रतिशत चालु र ४१.१६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनूसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयलाई चौमासिक लक्ष्य तोकिए अनुसार चौमासिक प्रगति विवरण तयार गरेको छ ।पालिकाले उपलव्ध गराएको प्रगति विवरण अनुसार यस वर्ष रु १७ करोड ९५ लाख ४० हजार पूंजिगत खर्च गरेकोमा प्रथम चौमासिकमा रु २ करोड २४ लाख ७ हजार अर्थात १२.४८ प्रतिशत, दोश्रो चौमासिकमा रु ३ करोड १३ लाख ९ हजार अर्थात १७.४४ प्रतिशत र तेश्रो चौमासिकमा रु १२ करोड ५८ लाख २२ हजार अर्थात ७०.०८ प्रतिशत खर्च गरेको छ । जस मध्ये असारमा मात्र रु ६ करोड ५९ लाख १८ हजार अर्थात ३६.७१ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक बर्षको अन्त्यमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	
२२			**कर्मचारी कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष व्यवस्था गरेको छैन । ऐनमा भएको व्यवस्था बमोजिम कल्याण कोषको व्यवस्था गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**बैक हिसाव विवरण** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	चालु खर्च खाता	४४८३५३.९९	३७२४३७०.८७	३२७६०१६.८८
२	पूंजिगत खर्च खाता जोर वर्ष	८६५८१७.६९	११९७०५.६९	७४६११२
३	संचित कोष खाता	१२६३७४५.०९	१२६३७४५.०९	०
४	स्थानिय तह आकस्मिक कोष	१३८८८०	१४८६४७	९७६७
५	प्रकोप व्यवस्थापन कोष	१६८८१००	१७२४२८०	३६१८०
	जम्मा			३९७६१७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**बढी दररेटमा भूक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश विशेष योजना अन्तर्गत खाडीचौर खानेपानीको जम्मा लागत अनुमान रु.३७ लाख ५३ हजार ६ सय ५८ भई उपभोक्ता समिति संग सम्झौता भएको तथा कार्यसम्पन्न रु.३८३५०९१ भएको देखिन्छ।खानेपानी तर्फको संचरचना निर्माण गर्दा पालिकाले उपलब्ध गराएको खानेपानीको स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी निम्न कार्यमा फरक नर्म्सको प्रयोग गरेको देखियो । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.	७३,४५४

गो.भौ.		उपभोक्ता समिति	कार्य	कार्य परिमाण	प्रयोग गरेको दर	बढी दर रु.	बढी भूक्तानी रु.
६-०७८।२।३१ प्रदेश सशर्त		खाडीचौर खानेपानी आयोजना उ.स	स्टोन मेशनरी १:४(कलेक्सन ट्याङ्क)	४.१९	१३४२६	१४०७.७२	५८९७
			स्टोन मेशनरी १:४(भल्ब चेम्बर)	३.५१	१३४२६	१४०७.७२	४०४०
			M20 grade for RCC(1:1.5:3)	३९.५५	१९५३५.४३	१६०६	६३५१७
जम्मा रु							७३४५४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**उपभोक्ता समितिबाट खरिद कार्य** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा पारी सोझै खरीद नहुने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१)मा रु.५ लाख देखि २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१)मा रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यम द्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बलेफी खोला बोक्से पैरे लिफ्ट सिचाई वडा-१ का लागि आवश्यक पर्ने विद्युतीय ट्रान्सफर्मर तथा पोल खरिद कार्य उपभोक्ता समितिलाई जिम्मा दिएको र उपभोक्ता समितिले स्टिल ट्याबुलर पोल माँ शक्ति ईन्जिनियरिङ एण्ड हाईड्रो भक्तपुरबाट रु.७९६,४१४।९६ मा र ट्रान्सफर्मर Ekarat Engineering pvt.ltd हेटौडाबाट रु.१०८४८००मा सोझै खरिद गरेको छ। कार्यालयले विद्युतीय ट्रान्सफर्मर, पोल लगायत पम्प तथा फिटिङको लागि ०७८।२।३० मा बोलपत्र प्रकाशित गरेको भएतापनि मिति २०७८।३।१४ मा खोलिएको बोलपत्रमा विद्युतीय ट्रान्सफर्मर, पोलका लागि कुनै आवेदन नपरेको र पुन बोलपत्र आव्हान गर्नका लागि समय अभावको कारण जनाई ट्रान्सफर्मर, पोल खरिद कार्य उपभोक्ता समितिलाई दिई उपभोक्ता समितिले सोझै खरिद गरेको जनाएको छ।पालिकाले उल्लेखित सामाग्रीहरुको खरिद प्रकृया समयमै सुरु नगर्दा आ.व.को अन्त्यतिर सशर्त बजेट फ्रिज हुन नदिने उद्वेश्यले खरिद कार्य उपभोक्ता समितिबाट गराएको देखिन्छ।तसर्थ पालिकाले खरिद कार्य गर्दा सार्वजनिक खरिद नियमको पालना गरी प्रतिस्पर्धा सीमित नहुने, खरिद सामाग्रीको गुणस्तर, लागतमा मितव्ययिता कायम हुनेगरी विनियोजित योजनाको खरिद प्रकृया समयमै सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**फिर्ता बाँकी अनुदान** पालिकाको आ.व.०७७।७८ को खर्च शिर्षक अनुसार आर्थिक विवरण म.ले.प.फा.नं.२१३ को अनुसार संघ तथा प्रदेश अनुदान प्राप्ती, खर्च र बाँकी विवरण देहाय बमोजिमको रहेको देखिएको छ। पालिकाले निम्न उल्लेखित खर्च शिर्षक अनुसार संघ सशर्त चालु तथा पुँजीगत रकम फिर्ता गर्न बाँकी देखिएकाले सम्बन्धित कोष तथा लेखा नियन्त्रक खातामा रकम फिर्ता हुनुपर्दछ। रु.	३६२,७३०

स्रोत	बजेट	खर्च	बजेट बाकी	फिर्ता गरेको	फिर्ता बाँकी
प्रदेश सशर्त चालु	५५०००००	४३५९५०२	११४०४९८	११४०४९८	०
प्रदेश सशर्त पूँजीगत	१३५०००००	१२९४४१८९	५५५८११	५५५८११	०
संघ सशर्त पूँजीगत	३२७२७०६६	१८०४५५६२	१४६८१५०४	१४६७११८१	१०३२३
संघ चालु	१७५२०२०००	१६४१४७७३४	११०५४२६६	१०७०१८५९	३५२४०७
जम्मा रु.					३६२७३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**छात्रवृत्ति वितरण** स्थानीय तहले IEMIS प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा सामुदायिक विद्यालयहरुलाई निर्देशिका बमोजिम छात्रवृत्ति रकम अनुदान निकासा दिनुपर्ने व्यवस्था छ। शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका ०७७।७८ को क्रियाकलाप नं.२.१.१.१ मा छात्रवृत्ति वितरण सम्बन्धमा मुख्य जिम्मेवार पक्ष स्थानीय तह तथा सम्बन्धित विद्यालय व्यवस्थापन समिति हुने तथा छात्रवृत्ति वितरण प्रगति सूचकको रुपमा निर्णय पुस्तिका, छात्रवृति पाउने विद्यार्थी संख्या, छात्रवृति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण तथा भर्पाई रहेको छ। पालिकाले माथि उल्लेखित सम्पूर्ण सूचक बेगर २७ वटा विद्यालयलाई गो.भौ.११३ बाट जम्मा रु.६ लाख ६८ हजार छात्रवृत्ति रकम निकासा गरेको छ। पालिकाले २७ विद्यालयमा रकम निकासा गरेकोमा ६ वटा विद्यालयले सम्बन्धित विद्यार्थीहरुलाई छात्रवृत्ति बुझाएको भर्पाई पेश छ। बाँकी २१ विद्यालयलाई निकासा भएको रु.५२२५०० सम्बन्धमा छात्रवृत्ति भर्पाई पेश भएको छैन। सेति देवि आवि २५९०० मध्ये १६००० को मात्र भरपाई प्राप्त भई ९९०० को भरपाई नआएको र कुपकन्या मावि ४६६०० मध्ये ४१६०० को मात्र भरपाई आई ५००० को भरपाई नआएकोले जम्मा अपुग रु. १४९०० पालिकाले IEMIS तथ्याङ्कको आधारमा विद्यालयलाई छात्रवृत्ति रकम निकासा गरेको छ तर प्रविष्ट IEMIS तथ्याङ्क सम्बन्धमा विद्यार्थी सत्यापन नगराइको जनाएको छ।यस सम्बन्धमा पालिकाले विद्यालयलाई निकासा गरेको रकम यथार्थ रुपमा विद्यार्थीले बुझे, नबुझेको तथा निकासा रकमको सदुपयोग भए-नभएको सम्बन्धमा यकिन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।	१४,९००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**भूक्तानी दिन बाँकीको विवरण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र प्रमाणित गरी राख्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले आ.व.०७६।०७७ को विभिन्न योजनाहरुको भूक्तानी दिन बाँकीको विवरणलाई प्रमाणित गरी अभिलेख नराखेको तथा आ.व.०७७।७८ बजेट पुस्तिकामा समेत समावेश नगरीकन खर्च लेखेको नियम संगत देखिएन। गाँउ सभाबाट भुक्तानी दिन बाँकीको अभिलेख प्रमाणित गरेर मात्र यस किसिमको रकम भुक्तानी गर्नु पर्दछ । रु.	३,१४०,५६५

गो.भौ.	योजनाको नाम	भूक्तानी रकम
३	आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन, वडा ८	१०४६८५५
५	आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन, वडा ५	१०४६८५५
९	आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन, वडा २	१०४६८५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**लघु उद्यमशिल कार्यक्रम** लक्षित नेपाली नागरिकलाई लघु उद्यम विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्देश्यले विभिन्न मोडेलमा आधारित भई सीपमूलक तालिम संचालन गरी सीप क्षमता अभिवृद्धि गर्ने, उद्यमी हुन प्रोत्साहित गर्ने र समग्र आयस्तर तथा जीवनयापनमा सुधार ल्याउने उद्देश्य सहित संघीय सरकारबाट विभिन्न स्थानीय तहलाई लघु उद्यम विकास कार्यक्रम गर्न हस्तान्तरण गरिएको छ। पालिकाले उपलब्ध गराएको कार्यक्रम सम्बन्धी खर्च विवरण निम्न अनुसार रहेको छ।	३,३८९,६००

शिर्षक	खर्च रकम
उद्यम विकासका लागि सामाजिक परिचालन	४५६५०
उद्यमशिलता विकास तालिम	२१५१२०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सीपविकास तालिम</td><td>१०९९६५०</td></tr>
<tr><td>प्रविधि हस्तान्तरण</td><td>४८००००</td></tr>
<tr><td>लघु वित्तमा पहुँच तथा समन्वय</td><td>९०५००</td></tr>
<tr><td>बजारीकरण</td><td>९९६४०</td></tr>
<tr><td>उद्यम विकास सहजकर्ता परिचालन</td><td>६१९०४०</td></tr>
<tr><td>पुराना लघु उद्यमीहरुको स्तरोन्नती</td><td>७४००००</td></tr>
<tr><td>जम्मा रु.</td><td>३३८९६००</td></tr>
</table>
माथि उल्लेखित खर्चहरु गलैचा बुनाई, मखमलको जुत्ता-चप्पल बुनाई, बाख्रापालन, तरकारी खेती, कपडा सिलाई-कटाई, साबुन बनाउ आदि सीपमूलक तालिम कार्यक्रमको संचालन गरेको पालिकाले जनाएको छ। गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुदा नं.३९ मा तालिमबाट उत्पादित सामाग्रीको सकेसम्म विक्री गर्ने र विक्री हुन नसकेमा विवरण सहित कार्यालयमा स्टोर दाखिला गराउनुपर्ने, बुदा नं.४१ मा उद्यमीलाई आवश्यकता अनुसार प्रविधि हस्तान्तरण गर्नुपरेमा प्रविधि बापतको कुल रकम मध्ये कम्तीमा २० प्रतिशत रकम उद्यमीलाई नै जम्मा गर्न लगाउनुपर्ने र कार्यालयले अधिकतम ८० प्रतिशत रकम मात्र प्रविधिबापतको रकम आपूर्तिकर्तालाई भूक्तानि दिने व्यवस्था उल्लेख छ। तर पालिकाले तालिम संचालनबाट के-कति सामाग्रीहरु उत्पादन भए, सो सामाग्रीहरु के कस्तो अवस्थामा छन, प्रविधि हस्तान्तरणका लागि खरिद सामाग्रीहरु क-कसलाई वितरण गरिए सो सम्बन्धी स्पष्ट अभिलेख राखेको छैन।
पालिकाले कार्यक्रम संचालन गर्नुपूर्व सम्पूर्ण कार्यक्रमको योजना स्वीकृत गराउने, सोही अनुसार कार्यक्रम संचालन गरी खर्च विवरण प्रस्तुत गर्ने, कार्यक्रम संचालन निर्देशिकामा तोकिएबमोजम तालिमबाट उत्पादित सामाग्रीहरुको बिक्री, स्टोर दाखिला गर्ने, प्रविधि हस्तान्तरणमा भएको खर्चमा उद्यमीलाई समेत सहभागी गराउने तथा तालिम समाप्त पश्चात प्राप्त उपलब्धिको लेखाजोखा गरी त्यसको प्रभावकारिता मूल्याङ्कन सम्बन्धमा पालिकाले प्रतिवेदन पेश गर्नुपर्दछ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**बढी ग्रेड भूक्तानी** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) कार्यालयले तलबी प्रतिवेदन पास गराएर मात्र खर्च लेख्न मिल्ने कुरा उल्लेख छ। पालिकाले निम्न उल्लेखित कर्मचारीहरुको पारीत तलबी प्रतिवेदन भन्दा बढी दरमा ग्रेड भूक्तानी भएको देखिएकाले बढी ग्रेड बापतको रकम संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु.	४०,४९४

कर्मचारीको नाम, थर	बढी ग्रेड दर	अवधी (महिना)	जम्मा बढी भूक्तानी (क.सं थप सहित)
सुरेश साह	१२००	२	२६४०
राधेश्याम कक्षपति	९४०	११	१२३१४
चन्द्रावती थापा	९४०	११	१२१३४
सितादेवी न्यौपाने	९४०	११	१२१३४
रामप्यारी	१०६	१०	१२७२
जम्मा रु.			४०४९४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**स्टोन मेशिनरीको काम** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संचरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा stone masonry in cement 1:4 को प्रति घ.मि.रु ९२४०, हुने देखिन्छ । तर पालिकाले लागत अनुमान गर्दा पालिकाबाट सडक निर्माणको लागि स्वीकृत भएको दरविश्लेषणको प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरी रु.९६१७.३४ का दरले भूक्तानी गरेको छ । जसअनुसार देहायका योजनामा उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ। तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएकोले पालिकालाई देहाय बमोजिम व्ययभार परेको देखिएको छ।	९२,६१८

गो.भौ.	उपभोक्ता समिति	काम	प्रयोग दर रु.	बढी दर रु.	काम परिमाण	बढी रकम
९	लामोसाँघु टोप्का सडक	स्टोन मेशिनरी १:४	९६१७.३४	३७७.३४	२४५.४५	९२६१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु ३४२८७६०। राजस्व प्राप्त गरेकोमा प्रदेश संचितकोषमा नपठाई रु २९२५९००। स्थानिय संचितकोषमा जम्मा गरी बाँकी रु ५०२८६०। राजश्व बाँडफाड खातामा नै बाँकी देखिएको छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**विज्ञापन कर** गाउँपालिकाले आर्थिक ऐन बमोजिम असुल गरेको विज्ञापन कर रु ३१५००। राजश्व बाँडफाँड गरी सो को ४० प्रतिशतले हुने रु १२६००। प्रदेशमा संचित कोषमा पठाउनु पर्नेमा पठाएको नदेखिएकोले उक्त कोषमा पठाएको प्रमाण पेश हुनु पर्दछ । रु	१२,६००
३४			**नगदी रसिद** गाउँपालिकाले छपाई गरी प्राप्त भएको नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाण समेत संलग्न गरी आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको नगदी रसिद फिर्ता लिनु पर्दछ । पालिकाले वितरण भएका सवै रसिद वर्षान्तमा प्राप्त गरी सम्पूर्ण आम्दानी दाखिला गरेको सुनिस्चित गर्नुपर्नेमा वडा कार्यालय र पालिकामा विभिन्न कर्मचारी लाई वुझाइएका नगदी रसिद आर्थिक वर्षको अन्त्यमा फिर्ता लिई नगदी रसिदबाट प्राप्त आम्दानी एकिन नगरेको हुँदा नगदी रसिदबाट प्राप्त सम्पूण आम्दानी दाखिला भएको सुनिस्चित गर्न सकिएन । त्यसैले नगदी रसिद ठेली आम्दानी खर्च र बाँकी स्पष्ट देखिने गरी अभिलेख राख्न र वितरण गरिएका सवै नगदी रसिद ठेली आर्थिक वर्षको अन्त्यमा फिर्ता लिई सवै रसिदको आम्दानी र दाखिला भिडाई नगदी रसिदबाट प्राप्त आम्दानी राजश्व दाखिला गरेको सुनिस्चित गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>
कर तथा शुल्क असुली स्थिति
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकिकृत सम्पती कर</td><td>२००००००</td><td>२६६१४३</td><td>१३.३०</td></tr>
<tr><td>घर वहाल कर</td><td>०</td><td>६२१०७५</td><td></td></tr>
<tr><td>नक्सा पास दस्तुर</td><td>३०००००</td><td>१६६९०७</td><td>५५.६३</td></tr>
<tr><td>व्यक्तिगत घटना दस्तुर</td><td>१५००००</td><td>८९९१५४</td><td>५९९.४३</td></tr>
<tr><td>भुमिकर मालपोत</td><td>४०००००</td><td>१६९८१८२</td><td>४२४.५४</td></tr>
<tr><td>व्यवसाय कर</td><td>५०००००</td><td>३९६५१३</td><td>७९.३०</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>३०००००</td><td>६६००</td><td>२.२</td></tr>
<tr><td>अन्य राजश्व</td><td>२०००००</td><td>१०७०२८५</td><td>५३५.१४</td></tr>
<tr><td>जम्मा</td><td>३८५००००</td><td>५१२४८९५</td><td>७५.१२</td></tr>
</table>
माथि उल्लेख भए अनुसार पालिकाले घर वहाल कर असुली हुने अनुमान नगरेको भएतापनि रु ६२१०७५ असुल भएको छ ।त्यस्तै व्यक्तिगत घटना दस्तुर, अन्य राजश्व र भुमिकर तर्फ अनुमान गरेको भन्दा क्रमस ५९९, ५३५ र ४२४ प्रतिशत बढी राजश्व असुली भएको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**दहत्तर वहत्तरः**	
३६.१			बलेफी गाउँपालिका क्षेत्र भएर बग्ने सुनकोशी र ब्रह्मायणी नदी किनारको ढुंगा गिट्टि वालुवा निकाल्न IEE वाट २०७७ मंशिरमा स्विकृत गरेको परिमाण २४०२९ घनमिटर मध्ये राजश्व परामर्श समितिबाट ६२९९ घनमिटर (२२२२२८.७२ घन फीट) उठाउन सिफारिस भए अनुसार कार्यपालिकाबाट निर्णय गराई २२२२२८ घन फीटको लागि मिति २०७७।९।२२ मा रु २२६००६५।(मुल्य अभिबृद्धि कर समेत) मा वोलपत्र आव्हान भएकोमा वोलपत्र सूचनामा तोकिएको अवधिमा ३ वटा वोलपत्र परेको मध्ये सवै भन्दा बढी कवोल गर्ने एस कन्स्ट्रक्सन एण्ड सप्लायर्सको रु २५७०७५०। (मु अ कर समेत) को कवोल अंक स्विकृत गरी ३०७७।११।५ देखि दहत्तर वहत्तर उठाउने गरी मिति २०७७।११।५ मा संझौता भएको छ ।संझौता अनुसार तेश्रो किस्ता सम्म रु २५७०७५०। (मु अ कर समेत) राजश्व गाउँपालिकालाई वुझाएको सम्वन्धमा देखिएको व्यहोरा निम्न अनुसार छ । राजश्व ढिला दाखिलाः सम्झौताको बुँदा नं ३ मा दोश्रो किस्ता २०७७ चैत्र मसान्त भित्र र तेश्रो किस्ता २०७८ जेष्ठ मसान्त भित्र वुझाई सक्नुपर्ने र नवुझाएमा संझौताको बुँदा नं ३९ मा १२ प्रतिशत व्याज असुल उपर गर्न सकिने उल्लेख भएकोमा व्यवसायी एस कन्स्ट्रक्सन एण्ड सप्लायर्सले ले दोश्रो र तेश्रो किस्ता एकै पटक मिति २०७७ ४।४ मात्र वुझाएको अवस्थामा पालिकाबाट संझौतामा उल्लेख भए बमोजिम व्याज असुल उपर गरेको देखिएन । दोश्रो किस्ता वापत ढीलो गरि राजश्व बुझाएको ९६ दिन र तेश्रो किस्ताको ३३ दिन को हिसाव गरी ढिलो राजश्व वुझाएको अवधिको १२ प्रतिशतका दरले व्याज समेत असुल हुनु पर्दछ । रु	४३,६१४
३६.२			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने , दश दिन भन्दा ढिलो दाखिला गरेमा दाखिला गर्न बाँकी रकममा १० प्रतिशत जरिवाना सो समेत दाखिला गर्न लगाउनु पर्ने उल्लेख छ । पालिकाको आन्तरिक आम्दानी र बैक दाखिला भिडान गर्दा बडा नं ३ का वडा सचिव जयराम कोईरालाले असौज महिनामा उपलव्ध गराएको विवरण अनुसार वडा कार्यालय मार्फत पंजिकरण सिफारिस र मालपोत तथा सम्पत्तिकर बाट रु ५५७० असुल गरेकोमा उक्त रकम हाल सम्म पनि राजश्व खातामा दाखिला गरेको नदेखिएकोले नियमानुसार ब्याज समेत असुल गरी राजश्व दाखिला हुनुपर्दछ । रु	५,५७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**ढिलो राजश्व दाखिला** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने , दश दिन भन्दा ढिलो दाखिला गरेमा दाखिला गर्न बाँकी रकममा १० प्रतिशत जरिवाना सो समेत दाखिला गर्न लगाउनु पर्ने उल्लेख छ । पालिकाले ढुङ्गा, गिट्टि बालुवाको अमानतबाट संकलन तथा विक्रि गर्न मिति २०७७ श्रावण देखि फागुन ४ सम्म कर संकलक विजय श्रेष्ठलाई नियुक्त गरी रु १९६३९९०। मुल्य अभिबृद्धि कर समेत राजश्व संकलन भएको छ । यसरी संकलन भएको राजश्व मध्ये रु ५०२८६०। कर संकलक श्री विजय श्रेष्ठले २०७८।३।४ मा अर्थात संकलन भएको ४ महिना पछि गाउँपालिकाको राजश्व खातामा दाखिला गरेको देखिएकोले नियममा व्यवस्था भए बमोजिम ४ महिनाको १० प्रतिशतका दरले हुने रु १६७६२। असुल हुनुपर्दछ । रु	१६,७६२
३८			**मुल्य अभिबृद्धि कर दाखिला नभएको** मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ (३) मा ढुङ्गा, गिट्टि बालुवा आदि उत्खननन् , संकलन तथा विक्री शुल्क असुलीमा मुल्य अभिबृद्धि कर लाग्ने व्यवस्था छ । वलेफी गाउँपालिका क्षेत्र भएर बहने सुनकोशी र ब्रम्हायणी नदी किनारामा रहेको ढुङ्गा, गिट्टि बालुवाको अमानतबाट संकलन तथा विक्रि गर्न मिति २०७७ श्रावण देखि फागुन ४ सम्म कर संकलक विजय श्रेष्ठलाई नियुक्त गरी रु १९६३९९०। मुल्य अभिबृद्धि कर समेत राजश्व संकलन भएको छ । त्यस्तै पालिकाको क्षेत्र भित्र पर्ने उक्त नदी क्षेत्रको विभिन्न स्थानमा अबैध रुपमा उत्खननन् तथा संकलन गरेका वालुवा जफत गरी लिलामको लागि सुचना प्रकाशित भएकोमा कोठे क्षेत्रको ९४३.१४ घनमिटर वालुवा श्रेष्ठ सप्लायर्सले लिलाम सकार गरि मुल्य अभिबृद्धि कर बाहेकको रकम रु ४७२९४६ पालिकामा राजश्व दाखिला गरेको छ। यसरी अमानत तथा लिलामबाट ढुङ्गा, गिट्टि बालुवा आदि उत्खननन् , संकलन तथा विक्री भएकोमा देहाय अनुसार मुल्य अभिबृद्धि कर दाखिला गरेको नदेखिएकोले सम्वन्धित बाट असुल गरी मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा २६ बमोजिम १५ प्रतिशत व्याज समेत दाखिला गर्नु पर्दछ । रु सि नं. | नाम | रकम १ | बलेफी गाउँपालिका | २२५९४५ २ | श्रेष्ठ सप्लायर्स | ६१४८३ | जम्मा | ३०७४२८	३०७,४२८
३९			**एज विल्ट ड्रोईङ**	७००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजविल्ट नक्सा) पेश गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी कार्यालय र निर्माण व्यवसायी विच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्रयाक्टको जी सी सी ७१ .२ मा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गरी अन्तिम विल भुक्तानी पूर्व एज विल्ट ड्रईङ्ग पेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा रु ५० हजार रोक्का (विदहेल्ड) गरिने उल्लेख छ । त्यस्तै कार्यालय र निर्माण व्यवसायी विच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको जि सि सि ३४. ३ मा प्रत्येक ३० दिन भित्र कार्यक्रम कार्यान्वयन तालिका अध्यावधिक (प्रोग्राम अपडेट) गर्नुपर्ने र नगरेमा ५०००० रोक्का राखिने उल्लेख छ । लेखापरीक्षणको क्रममा छनौटमा परेका देहायका योजनामा निर्माण व्यवसायीले अध्यावधिक कार्यान्वयन योजना तालिका पेश गरेको देखिएन । समयमा प्रोग्राम अपडेट पेश नगर्ने निर्माण व्यवसायीलाई अन्तिम विल भुक्तानी गर्दा संझौता अनुसार रकम कट्टा गरी भुक्तानी गरेको देखिएन । नमुना छनौटमा परेका देहायका योजनाहरु यस वर्ष निर्माण सम्पन्न भई निर्माण व्यवसायीलाई अन्तिम विल भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि (२०७८।११।२०) सम्म पनि एज विल्ट ड्रईङ्ग तथा प्रोग्राम अपडेट पेश गरेको नदेखिएकोले उक्त रकम सम्वन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ । रु	

ठेक्का नं	योजनाको नाम	निर्माण व्यवसायी	सम्पन्न रकम	अन्तिम विल भुक्तानी	एज विल्ट र प्रोग्राम अपडेट रकम
०१-२०७७-७८	जलविरे बनकाली हगाम सडक	गौतम आर वि जे भि	१०९९८८९६	२०७८।३।२३	१०००००
२-२०७७-७८	खाडी चौर चिमलिङ सडक	सिन्धु कन्स्ट्रक्सन एण्ड सप्लायर्स	१०४६६२९५	२०७८।३।२९	१०००००
८-२०७७-७८	बलेफी फलौटे चौहत्तर किलो सडक	अर्जुन पदम निर्माण सेवा	५३५००००	२०७८।३।२७	१०००००
४-२०७७-७८	टुनिवोटे मेलडाडा करंगैरा देउराली सडक	बुवासे निर्माण सेवा	५३०७१०९	२०७८।१।१७	१०००००
५-२०७७-७८	अँधेरी मांखा व्वाँसे सडक	बुवासे निर्माण सेवा	५३७०९२९	२०७८।१।१७	१०००००
२-२०७६/७७	खाडिचौर मांखा सडक कालोपत्रे	त्रिवेणी ब्रम्हायणी कन्स्ट्रक्सन	१०१६६६४३	२०७७।८।२३	१०००००
१-२०७६/७७	अँधेरी माँखा सडक निर्माण	देउपुर निर्माण सेवा	१७५५०८८९	२०७८।१।१६	१०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा ७०००००	
४०			**माटो खन्ने काममा बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितापमा उल्लेख भएको वास्तविक परिमाणको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले जलविरे बनकाली हगाम सडक निर्माण कार्यका निर्माण व्यवसायी श्री गौतम आर वि जे भि लाई भौचर नं २८० मिति २०७८।३।२३ बाट भुक्तानी गरेको अन्तिम विल तथा कार्य सम्पन्न प्रतिवेदन परीक्षण गर्दा नापी किताबको आईटम नं ६ मा माटो खन्ने काम ५५०.५७ घन मिटर नापी भएकोमा विलमा १०२३.७४ घन मिटर परिमाण चढाई प्रति घन मिटर रु ६०। का दरले ४७३ घन मिटरको बढी भुक्तानी गरेको देखिएकोले निर्माण व्यवसायीलाई बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ । रु	२८,३९०
४१			**मु अ कर समायोजन** मुल्य अभिबृद्धि कर नियमावली २०५३(एक्काईसौ संसोधनको नियम ६(घ) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार संझौता अन्तर्गत बस्तु तथा सेवाको आपूर्ति गर्दा सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मुल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भुक्तानी दिने उल्लेख छ । यो वर्ष पालिकाले अँधेरी मांखा सडक निर्माण कार्यको दोश्रो र तेश्रो तथा अन्तिम विल वापत निर्माण व्यवसायी श्री देउपुर निर्माण सेवालाई भौचर नं २१ र १४४ बाट रु ८२९४०३७। मुल्य अभिबृद्धि कर समेत भुक्तानी गरेकोमा नियमानुसार ५० प्रतिशत कर रु ४४२७१३। कट्टा गरेको देखिएन । त्यसैले सम्वन्धित निर्माण व्यवसायी वा आपूर्ति कर्तालाई पालिका बाट भुक्तानी गरेको मुल्य अभिबृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ । रु	४४२,७१३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**पि एस आईटम** निर्माण कार्यमा ननकम्पिटिटिभ आईटमको रुपमा राखिएको पि एस आईटमको भुक्तानी गर्दा निर्माण व्यवसायिले पेश गरेको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले देहायका ठेक्कामा निर्माण व्यवसायीलाई ठेक्का विल भुक्तानी गर्दा पि एस आईटममा भएको ल्याव टेष्ट बापतको रकम भुक्तानी गरेकोमा सो को विल विजकश्रेष्ता साथ संलग्न नभएकोले विल विजक वेगर भुक्तानी गरेको रकम असुल गर्नु पर्दछ रु	६२,४४०

गोश्वरा भौचर	ठेक्का नं	निर्माण व्यवसायी	प्रोभिजनल सम आईटम	प्रोभिजनल सम बापत भुक्तानी	
२१,१४४	०१/२०७७/७८	देउपुर निर्माण सेवा	ईन्सुरेन्स र ल्याव टेष्टको विल नभएको	५००००	
२८५		धिताल निर्माण सेवा	ईन्सुरेन्सको विल नभएको	१२४४०	
		जम्मा		६२४४०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**कार्य सम्पादन जमानतको म्याद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटि सच्याउने दायित्व(डिफेक्ट लायविलिटिज) को अवधि भन्दा एक महिन बढी अवधिको हुनु पर्ने उल्लेख छ । पालिकाबाट ठेक्का मार्फत निर्माण कार्य गराएका देहायका योजनामा निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधि भन्दा कम अवधिको देखिएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम ति योजनामा कार्यसम्पादनको म्याद थप्न पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	

ठेक्का नं	योजनाको नाम	निर्माण व्यवसायी	कार्य सम्पन्न मिति	कार्य सम्पादन जमानतको म्याद
०२-२०७७-७८	खाडिचौर चिम्लिङ सडक स्तरोन्नती	सिन्धु कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०७८।३।२०	२०७९।३।३१
०३-२०७७-७८	फुल्पिङकोट धुस्कोट चिलाउने सडक	नौविसे निर्माण सेवा	२०७८।६।३० सम्म म्याद थप	२०७८।१२।२७
०८-२०७७-७८	बलेफी फलाटे चौहत्तर किलो सडक	अर्जुन पदम निर्माण सेवा	२०७८।३।३०	२०७८।१२।२२
०४-२०७७-७८	टुनिबोटे मेलडाडा करंगैरा देउराली सडक	बुवासे निर्माण सेवा	२०७७।१२।३०	२०७८।११।१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**अधुरो निर्माण कार्य** लामोसाँघु टोप्का वसेरी स्वाँरा पहरी गाउँ सडक निर्माण कार्यको लागि रु ८५२४१६४। को लागत अनुमान स्विकृत गरी वोलपत्रको माध्यमबाट छनौट भएका धिताल निर्माण सेवाको रु ४८४३७४६। कवोल अंक स्विकृत गरी २०७८ जेष्ठ मसान्तमा काम सक्ने गरी मिति २०७७।१०।११ मा सम्झौता भई प्रथम रनिङ विल सम्म रु ३५७३८८८। भुक्तानी भएको छ । उक्त सडक निर्माण कार्य नेपाल म्याग्नेसाईड कम्पनीको जग्गा भित्र भएको कारण निर्माण कार्य रोक्न उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयले च नं ६३ मिति २०७७।१२।२० मा पत्र पठाएको आधारमा गाउँपालिकाबाट निर्माण व्यवसायीलाई निर्माण कार्य रोक्न पत्र पठाएको देखिन्छ । उक्त सडक कालोपत्रे गर्ने भनिएता पनि कम्पनि संग विवादका कारण लागत अनुमानमा उल्लेख भएको परिमाण भन्दा बढीको स्टोन मेशिनरीको काम र सडक ड्रेन को कार्य गरि कालोपत्रे गर्ने कार्य रोकिएको छ । यसरी निर्माण स्थलको विवादको कारण निर्माण सम्पन्न हुन नसक्ने हुँदा पालिकाले योजनामा बजेट विनियोजन गर्दा निर्माण स्थलमा आइपर्ने विवाद समाधान गरि ठेक्का लगाउने तर्फ ध्यान दिनुपर्दछ ।	
४५			**डि पि आर** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । दफा २९ मा निकायको जनशक्तीको क्षमताले नसक्ने मूल्यांकनको आधारमा मात्र परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । वजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । परामर्शदाताबाट प्राप्त विस्तृत परियोजना प्रतिवेदन सम्पतीको रुपमा जिन्सी कितावमा आम्दानी बाँधी अभिलेख राख्नुपर्नेमा पालिकाबाट कुनैपनि प्रतिवेदन जिन्सी कितावमा आम्दानी बाधेको देखिएन । त्यसैले पालिकाबाट परामर्सदाता छनौट गरी तयार गरेका विभिन्न योजनाहरुको बिस्तृत परियोजना प्रतिवेदनको जिन्सी कितावमा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ । साथै पालिकाले गत बिगतमा पालिकाको रकम खर्च गरेर तयार गरीएका खाँडिचौर चिम्लिङ सडक लगायतका योजनाहरु जिन्सी किताबमा आम्दानी नजनाएको तथा अभिलेख नराखेको कारण फेला नपरेको भनि बिगतमा डिपिआर भईसकेका योजनाहरुको पुनः डिपपिआर गरी खर्च गरेको देखिन्छ । यस बिषयमा छानबिन गरी बिगतमा पालिकाको लागतमा तयार भएका र संघिय तथा प्रान्तिय निकायहरुबाट तयार भई हस्तान्तरण भएका डिपिआर प्रतिबेदनहरु भण्डार दाखिला गर्नु पर्दछ । एउटै योजनामा दोहोरो डिपिआर गरी खर्च भएको रकम यकिन गरी सम्बन्धित पदाधिकारीबाट असूल गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको	४,२४४,२३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । पूर्वाधार विकास कार्यालय लगायतका निकायहरुबाट कार्यान्वयन हुने योजनाहरुको सोहि निकायले डिपीआर गर्ने हुँदा पालिका समेतबाट गर्दा दोहोरो पर्ने तर्फ ध्यान दिएको छैन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आफ्नै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।	

भौचर नं	परामर्शदाता	कार्य विवरण	खर्च रकम
५६-२०७७।९।१६	आर एण्ड वि ईन्जिनियर्स एण्ड विल्डर्स	हगाम र खाडीचौर सडकको डि पि आर	२९८८८५
६४-२०७७।१०।१२	ईजि रिसर्च एण्ड ट्रेनिङ प्रा लि	कान्लेखेत सिंचाई योजनाको डि पि आर	३०००००
८१-२०७७।११।१३	ओझा ईन्जिनियरिङ सर्भिसेज प्रा लि	गाउापालिका भवनको डि पि आर	१४९७२५०
२४५-२०७८।३।१८	शाफिया सेन्टर फर हेल्थ केयर प्रा लि	वडा नं ४,६,७,८ को समुदाय स्तरमा स्वास्थ्य अवस्था सम्वन्धि अध्ययन प्रतिवेदन	४९८२००
२५७-२०७८।३।२१	एङ्गल नेपाल कन्सल्ट्याण्ट	गा पा भित्र पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन	२९९५६३
३०१-२०७८।३।२५	ग्लोवल स्टार एजुकेशन फाउण्डेशन प्रा लि	वडा नं १,२,३,५ को समुदाय स्तरमा स्वास्थ्य अवस्था सम्वन्धि अध्ययन प्रतिवेदन	४५८७६२
३०५-२०७८।३।२५	आर वि ईन्जिनियरिङ एण्ड विल्डर्स	कपिलेश्वर मन्दिरको डि पि आर	३९९४५५

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३१०-२०७८।३।२७</td><td>ईन्भाइरोमेन्ट एण्ड ईन्जिनियरिङ रिसर्च सेन्टर प्रा लि</td><td>बलेफी गा पा स्तरिय उपजलाधार वस्तुस्थिति विवरण प्रतिवेदन</td><td>४९२११५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४२४४२३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्विकृत नर्मसको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै पालिकाले प्रतेक वर्ष जिल्ला दररेटलाई आधार मानि निर्माण कार्य तथा सामाग्रीको दर विश्लेषण गरी उक्त दर विश्लेषण स्विकृत गराई राख्नु पर्दछ । यो वर्ष पालिकाले सरेनी मोड गहते थारचौर सडक मर्मत तथा सुधार कार्यको लागि उपभोक्ता समितिलाई भौचर नं १९७ मिति२०७८।३।२ बाट जम्मा रु ८१७०७६। भुक्तानी गर्दा पालिकाको स्विकृत दर विश्लेषण अनुसार स्टोन मेशिनरी (१:४) को प्रति घन मिटर रु ९६१७।३४ का दरले २७ घन मिटरको जम्मा रु २५९६६८। भुक्तानी दिनुपर्नेमा प्रति घनमिटर रु १००२९।०५ का दरले रु २७०७८४। भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु ११११६। असुल हुनुपर्दछ । रु</td><td>११,११६</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>योजना कार्यान्वयन</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७.१			पालिकाले स्विकृत डिपिआरमा समावेशनै नभएको सडक ढलान लगायतको कार्य गरी दुई प्याकेजबाट देउपुर निर्माण सेवालाई रु १ करोड ७५ लाख ५१ हजार तथा बुवासे निर्माणसेवालाई रु ५३ लाख ७१ हजार समेत रु २ करोड २९ लाख २२ हजार भुक्तानी भएको छ । निर्मित सडकको स्थलगत अवलोकन गर्दा डिपिआरमा उल्लेखित साईलेन्ट फिचर अनुसार हुनु पर्ने सडकको बिचबाट दुबैतर्फ ७.५ मिटर राईट अफ वे, फर्मेसन चौडाई ७ मिटर , केरिज वे को चौडाई ५.५ मिटर र साईड ड्रेनको चौडाई र उचाई 0.७५ मिटर हुनु पर्ने उल्लेख भएकोमा सो बमोजिमको कुनै पनि मापदण्ड पुरा हुने गरी सडक निर्माण भएको नदेखिदा खर्च रकम अनियमित देखियो । डिपिआरको पालना नगरी निर्माण कार्य गर्दा डिपिआरको औचित्य नहुने र निर्मित संरचनाको दिगोपना र गुणस्तरियता कायम गर्न नसकिने तर्फ पालिकाले ध्यान नदिएको देखिन्छ । डिपिआर बिपरीत खर्च गरेको सम्बन्धमा छानबिन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।	
४७.२			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । वडा नम्बर ७ को स्वास्थ्य चौकी भवन निर्माणको लागि उपभोक्ता समितिलाई रु ७२ लाख ४५ हजार भुक्तानी भएको छ । उक्त भवनको डिपिआर तयार नभएको र नक्सा पास पनि नभएको देखियो । आरसिसि फ्रेम स्ट्रक्चर सहितको भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्नु नियमसंगत देखिएन । सर्वसाधरण जनताको निजी घर निर्माणको लागि समेत नक्सा पास गर्ने जिम्मेवारी भएको पालिकाले आफ्नै स्वास्थ्य चौकि निर्माण गर्दा नक्सा पास नगर्नु जिम्मेवारी पालनामा ईमान्दार नभएको अवस्था हो । निर्मित भवनको नक्सा पास तथा निर्माण सम्पन्न प्रमाणपत्र पेश गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७.३			खाडिचौर चिम्लिङ सडकको लागि सिन्धु कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई रु १ करोड ४ लाख ६६ हजार र त्रिवेणी ब्रम्हायणी कन्स्ट्रक्सन प्रा ली लाई रु १ करोड १ लाख ६६ हजार समेत रु २ करोड ०४ लाख ३२ हजार भुक्तानी भएको छ । उक्त योजनाको स्विकृत डिपिआर भएको तर पालिकाको जिन्सि किताबमा आम्दानी जनाउन छुट भएको कारण हराएको पालिकाको ईन्जिनियरबाट जानकारी प्राप्त भएको छ । डिपिआरनै पेश नभएको कारण स्विकृत मापदण्ड बमोजिम सडक निर्माण कार्यको खरिद व्यवस्थापन र कार्यान्वियन भए नभएको यकिन गर्न सकिएन । पालिकाले निर्मित योजनाको बिस्त्रित परियोजना प्रतिबेदन पेश गर्नु पर्दछ । बिस्त्रित परियोजना प्रतिबेदनको खोजि गरि स्विकृत मापदण्ड बमोजिम सडक निर्माण भए नभएको छानबिन हुनु पर्दछ । यस योजनाको स्थलगत अवलोकन गर्दा सिन्धु कन्स्ट्रक्सनको आईटम नम्बर ९ को रु १६ लाख ७६ हजार र त्रिवेणी ब्रम्हायणी कन्स्ट्रक्सन प्रा ली को आईटम नम्बर ५ को रु २२ लाख ८७ हजार समेत रु ३९ लाख ६३ लाख लागतमा निर्माण भएको साईड ड्रेन संरचना अधिकांस स्थानमा पुरिएको देखियो । अपर तामाकोसी हाईड्रोपावर लिमिटेडको प्रसारण लाईन बिस्तार कार्यले केहि संरचना बिग्रिएको जानकारी पालिकाको ईन्जिनियरबाट प्राप्त भएको छ । निर्माण व्यवसायीको मर्मत संभार अवधि बाँकीनै रहेकोले हाईड्रोपावर कम्पनीले गरेको क्षति यकिन गरी बाँकि निर्माण कार्य निर्माण व्यवसायीको कार्यसम्पादन जमानत तथा धरौटीबाट गराउनु पर्दछ । 	३,९६३,०००
४७.४			कार्यपालिकाको वडा नम्बर ६ को वडा कार्यालय भवन २०७८ आषाढ मसान्त मा कार्य सम्पन्न भएको देखिन्छ । उक्त भवनको रकम उपभोक्ता समितिलाई भुक्तानी दिन बाँकी रहेको र आर्थिक बर्ष २०७८।७९ मा मात्र समितिलाई भुक्तानी गरेकोले कार्यालय सञ्चालनमा नआएको पालिकाले जनाएको छ । पालिकाले भुक्तानी दिन बाँकीको अभिलेख प्रमाणित गरी राखेको देखिएन । भवन निर्माण भए पश्चात पनि भाडाको घरबाट वडा सञ्चालन गर्दा मासिक भाडा रु ९५००।०० का दरले लेखापरीक्षण अवधि २०७८ फाल्गुन सम्ममा रु ७६ हजार भाडा वापत भुक्तानी भएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**योजना टुक्रा पारी समिति मार्फत कार्य** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यबस्था छ । पालिकाले खाडिचौर चिम्लिङ सडकको बिस्त्रित सम्भाव्यता प्रतिबेदन हराएको जनाई लेखापरीक्षणमा पेश भएको छैन । तर उक्त योजनामा दुई निर्माण व्यवसायीबाट कार्य गराई रु २ करो ०४ लाख ३२ हजार भुक्तानी भएकोले योजनाको लागत अनुमान १ करोड भन्दा बढि भएको स्पस्ट देखिन्छ । यस्तो अवस्थामा पालिकाले सोहि सडकमा उपभोक्ता समितिसग थप सम्झौता गरी रु ३८ लाख ८० हजार भुक्तानी भएको छ । डिपिआर पेश नगरी योजनाको कुल लागत अनुमानलाई टुक्रा टुक्रा प्याकेज बनाई उपभोक्ता समितिबाट कार्य गराउदा स्विकृत मापदण्ड बमोजिम सडक निर्माण नहुने, निर्माण लागत बढ्ने र निर्मित संरचनाको गुणस्तर र दिगोपना कमजोर हुने देखिन्छ । तसर्थ ऐन नियमको प्रभावकारी कार्यान्वयन गरी खरिद व्यवसस्थापन गर्नु पर्दछ । दुई करोड भन्दा बढि खर्च भई सकेको सडकको बिभिन्न च्यानेजको अलग अलग टुक्रा प्याकेज बनाई निर्माण व्यवसायीको अलाबा उपभोक्ता समितिलाई समेत सम्झौता गरि भुक्तानी भएको रकम नियमित देखिएन । एउटै सडक खण्डमा उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत कार्य गराउदा गुणस्तर नियन्त्रणको लागि जिम्मेवार बनाउन कठिनाई हुने, काममा ओभर ल्यापिङ हुने तथा निर्माण लागत बढ्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । एउटा सडकको सम्पुर्ण निर्माण कार्य यकिन गरी बोलपत्रको माध्यमबाट गुणस्तरिय र मितव्ययिता पूर्वक सडक निर्माण गर्नु पर्दछ ।	३,८८०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**क्षेत्रगत वजेट** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (तालिका तल) माथि उल्लेखित विवरण अनुसार पालिकाको सभाबाट विनियोजित बजेट मध्ये कुल खर्चको तुलनामा सवै भन्दा बढी सामाजिक क्षेत्रमा ४५.२७ प्रतिशत र सवै भन्दा कम वित्तिय व्यवस्थापन र सुशासनमा ०.३ प्रतिशत खर्च रहेको देखिन्छ भने संस्थागत विकास र सेवा प्रवाहमा ०.५ प्रतिशत रहेको देखिन्छ ।अत पालिकाले एकिकृत समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नु पर्दछ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३५१८९०००	२८१४१८९६	६.४५
सामाजिक क्षेत्र	२०९६५९५५९	१९७४२२०२५	४५.२७
पूर्वाधार विकास क्षेत्र	१७०४३९२८९	११५९३५८८५	२६.५७
वातावरण तथा विपद् व्यवस्थापन	१७४४१५००	१७१८०६९४	३.९४
संस्थागत विकास र सेवा प्रवाह	३०२५०००	२१७५५९३	०.५
वित्तीय व्यवस्थापन र सुशासन	२५०००००	१३०५५९९	०.३
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	८४९९४५००	७४०३३५६१	१६.९७
जम्मा	५२३२४८८४८	४३६१९५२५३	१००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**योजना छनौट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:	

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	५०	३९५६०००
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	७८	२०३९१०००
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	२१	१७१५८०००
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	२८	६१७४९०००
५	५० लाख भन्दा माथीका	७	३५६३४०००
	जम्मा		१३८८८८०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**सामाजिक सुरक्षातर्फः** यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा वापत रु.७१९१६५९६/ खर्च गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन्:	
५१.१			सामाजिक सुरक्षा नियमावली, २०७६ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित बनाउन घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली MIS System लागु गरीएको छ। तर प्रणालीमा वितरणहरु शुद्ध र पुर्ण रुपमा प्रविष्टि नगरेको कारणले प्रणालीको माध्यमबाट निकालिएको भरपाईको वितरणमा पनि शुद्धता पाइएन । वडा नं ५ को लगत कट्टा गरेको अभिलेख परीक्षण गर्दा लगत कट्टाको संख्या ज्यादै कम पाइयो।२०५३ सालमा मृत्यु भएकाको २०७७ सालमा मात्र मृत्यु दर्ता गरेको पाइयो।जसले गर्दा भत्ता वितरणमा दोहोरो, मृत्यु भएका व्यक्तिको पनि भरपाईमा नाम नहटाएको जस्तो समस्या देखिएको हुँदा अद्यावधिक विवरणको विश्वसनियता र लाभग्राहीको वास्तविकता प्रति आस्वस्त हुन सकिएन । - सामाजिक सुरक्षा भत्ता वितरण गर्दा एम आई एस सिस्टममा दर्ता भएका व्यक्तिलाई मात्र प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। तर भत्ता वितरणको भरपाई परीक्षण गर्दा प्रथम चौमासिकमा वडा नं १ मा ४ जना वडा नं २ मा ३ जना वडा नं ४ मा २ जना वडा नं ५ मा ७ जना वडा नं ६ मा १४ जना वडा नं ७ मा १५ जना र वडा नं ८ मा १४ जनाको हातले नाम थप गरी वितरण गरेको छ।यसै गरी दोस्रो र तेस्रो चौमासिकमा पनि हातले नाम थप गरी वितरण गरेको छ। यसरी हातले नाम थप गर्दा भत्ताको लागि योग्य हुनु भन्दा पहिले नै भत्ता वितरण हुन सक्ने जोखिम रहन सक्ने हुनाले सिस्टममा दर्ता गरेपछि मात्र भत्ता वितरण गर्ने तर्फ ध्यान जानु पर्दछ। दोस्रो चौमासिकबाट सामाजिक सुरक्षा भत्ता वितरण बैकबाट भएको पाइयो। दोस्रो चौमासिकबाट वडा नं १, २ र ३ को सामाजिक सुरक्षा भत्ता वितरणका लागि राष्ट्रिय बाणिज्य बैकलाई दोस्रो चौमासिक रु ८७००७९१ र तेस्रो चौमासिक रु ८८३१७८० गरी जम्मा रु १७५३२५७१ रकम बैकमा वितरणका लागि पठाएको तर बैकले पालिकामा लेखापरीक्षणको समयसम्म पनि reverse feed उपलब्ध नगराइ वितरण हुन बाकी रकम रु २४१५०४ जनाई फिर्ता पठाएको कारण कति लाभग्राहीलाई भत्ता वितरण भयो र बैकमा कति बाकी रहेको छ सो विषयमा बैकले पालिकालाई कुनै जानकारी पठाएको पाईएन । लेखापरीक्षणको क्रममा तत्कालिन प्रमुख प्रशासकिय अधिकृत शैलेन्द्र भण्डारी र लेखापालनको जिम्मेवारी लिनुभएका सहलेखापाल श्री कुशल अधिकारीसग रिभर्स फिडको तथ्यांक अपलब्ध गराउन अनुरोध गरेकोमा उपलब्ध गराउनु भएन । यस विषयमा छानबिन गरी केवाईसी अपडेट नगरेका र निश्क्रिय लाभग्राहिको नाममा बैंकमा रहेको रकम यकीन गरी बेरुजू खातामा दाखिला गर्नु पर्दछ।	
५१.२			पालिकाले बैकमा बर्षदिन सम्मपनि के वाई सी अपडेट नगरी कारोबार नभएका लाभग्राहीको खातामा रहेको रकम को बारेमा बैकसंग विवरण माग गरेको नदेखिएकाले एकीन गरी बैकबाट फिर्ता मागी बेरुजू खातामा दाखिला गर्नु पर्दछ।	

५.१.३ क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	१६४,००० बेरुजु रकम

मृतकलाई भत्ता वितरणः सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाई रहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएमा निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनु पर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा पालिकाबाट प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गरेको भरपाई परीक्षण गर्दा पालिकाबाट प्राप्त लगत कट्टा गरेको विवरण परीक्षण गर्दा देहाय वमोजिमका वडामा रहेको मृत्यु दर्ताको अभिलेख परीक्षण गर्दा मृत्यु भइसकेका लाभग्राहीको नाममा मृत्युपछि पनि निजका पारिवारका सदस्यहरुले सामाजिक सुरक्षा भत्ता बुझेको पाइयो । मृत्यु मिति भन्दा पछिको सामाजिक सुरक्षा भत्ता दिन नमिल्ने हुनाले उक्त रकम सम्बन्धितबाट असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्दछ। रु

वडा नं	मृतकको नाम	मृत्यु मिति। लगत कट्टा मिति	नागरिकता नं	रकम
१	डल्लीमाया दमिनि	०७७।१।५	४३४	१२०००
१	कृष्ण बहादुर थापा	०७७।४।१	२९३९	१२०००
१	मिश्रा खड्का	०७७।४।१	३२६	१२०००
२	हिमालदेवी थापा	०७७।४।२८	१२५५	९०००
२	नन्द कुमारी भण्डारी	०७७।६।२४	२११६	३०००
५	रत्न माई तामाङ्ग	०७७।४।१	३४१	१२०००
५	बम बहादुर भुजेल	०७७।४।१५	७६८२	१२०००
५	विष्णुमाया नेपाल	०७७।४।१६	१५३८	१२०००
६	तेम्बा तामाङनी	०७६।४।७	७६८६	१२०००
६	नन्द कुमारी पराजुली	०७५।३।१९	८७३७	१२०००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

६	चरीमाया तामाङ	०७५।१।२०	६७८	१२०००
६	लालमाया तामाङ	०७७।४।१	७४०८	८०००
६	मनकुमारी पराजुली	०७७।४।१	१०२८	८०००
६	कान्छी तामाङ	०७७।४।१	१७८४	८०००
६	फुलमाया तामाङ	०७७।४।१	१२२३४१	८०००७
७	गौरीमाया तामाङ	०७६।११।१८	७३५५	१२०००
	जम्मा			१६४०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१.४			पालिकाले पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता वडा सचिवलाई पेश्की दिई भत्ता वितरण पछि पेश्कि फछ्र्यौट गरेको छ । लेखा परीक्षणको क्रममा भत्ता वितरणको भरपाई जोड जम्मा गर्दा पेश्की फछ्र्यौट गर्दा देहाय बमोजिमका वडामा धेरै रकम वितरण गरेको भनी बैकमा नपुग रकम मात्र फिर्ता गरेको पाईयो । वितरण गरेको जनाईएको नपुग रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु (वडा नं / पेश्की / वितरण / फिर्ता भएको / फिर्ता गर्न बाकी) १ / २८३२००० / २६९४७७५ / १३७२२५ / १२००० ३ / ३४७८७०० / ३२६४८०० / २१०००० / ६४०० ४ / २५२०९२२ / २४५१४९३ / ५९४२९ / १०००० ६ / ३४८३२०० / ३३४२२०० / १२९०४० / ११९६० जम्मा / ४०३६० प्रतिवेदन पेश गर्नुपर्नेः सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन । नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।	४०,३६०
५२			**औषधि खरिदः**	

Nested table within ५१.४:

वडा नं	पेश्की	वितरण	फिर्ता भएको	फिर्ता गर्न बाकी
१	२८३२०००	२६९४७७५	१३७२२५	१२०००
३	३४७८७००	३२६४८००	२१००००	६४००
४	२५२०९२२	२४५१४९३	५९४२९	१००००
६	३४८३२००	३३४२२००	१२९०४०	११९६०
	जम्मा			४०३६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२.१			पालिकाले औषधि आपुर्तक फर्मबाट आपुर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने तथा आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति तथा यो औषधि बिक्रिको लागी होइन लेखेको हुनुपर्ने उल्लेख छ । भौचरसँग सलँग्न फाँटवारी परीक्षण गर्दा उपर्युक्त प्रमाण समावेश भएको देखिएन । साथै आपुर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्ने नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा एकिन गर्न सकिएन ।यस तर्फ पालिकाको ध्यान जानुपर्ने देखियो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२.२			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ ।यस बर्ष पालिकाले विभिन्न भौचर र मितिबाट देहाय बमोजिमका औषधिहरु टुक्रा टुक्रा परी प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ । मितव्ययिता कायम गरि गुणस्तरिय औषधिहरु खरिद गर्नु पर्दछ । खरिद गरिएका औषधिहरु सर्बसाधारण बिरामीहरु सहज बितरणको व्यवस्था मिलाउनु पर्दछ ।	४,४७३,७४६

गो भौ नं । मिति	आपूर्तकको नाम	रकम
७०।०७७।६।२५	डालिमा मेडिसेल्स	४९९८३०
७८।०७७।६।२६	बंगलामुखी मेडिसिन सप्लायर्स	४९९९८८
२२३।०७७।९।२	केवलेश्वर मेडिसेल्स	४९९६४०
२४३।०७७।९।९	न्युटन मेडिको फर्मा	४९९१४७
४६३।०७८।१।८	युदिप मेडिको सप्लायर्स	४९९५०६
५१३।०७८।२।२	धर्मभक्त मेडिसिन डिस्ट्रिब्युटर्स	४९९८४०
५२४।०७८।२।१०	नयन मेडिको फर्मा	४९९९१५
५३१।०७८।२।११	हलेसी मेडिसिन सप्लायर्स	४९८३६१
४५ संघीय शसर्त चालु	मुक्तिनाथ मेडिको फर्मा	४७७५१९
जम्मा		४४७३७४६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२.३			औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको साथै औषधिको खर्च घटाउदा मागफाराको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
५३			**सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ ।यस बर्ष पालिकाले विभिन्न भौचर र मितिबाट देहाय बमोजिम कम्पूटर रु १३८३०००।००, फरिनचर रु ५६४४१२।०० र छपाई रु ११६००७८ समेत कुल रु ३१०७४९०।०० को सामग्रीहरु टुक्रा टुक्रा पारी खरिद गरेको छ।पालिकाले खरिद गर्दा ऐन तथा नियमावली बमोजिम गर्नु पर्दछ।	३,१०७,४९०

गो भौ नं र मिति	आपूर्तक	विवरण	रकम
८७।०७७।६।२८ चालुतर्फ	प्राइम टेक्नोलोजी प्रा लि	कम्प्युटर खरिद	३१५८३५
११।०७७।६।२५ पूजिगततर्फ	ग्लोवल लिंक टेक्नोलोजि	कम्प्युटर खरिद	४०६२३५
१७।०७७।६।२८पूजिगततर्फ	वेष्ट आई टी सोलुसन प्रा लि	कम्प्युटर खरिद	४९३१३२
२१५।०७८।३।९पूजिगततर्फ	न्यु भिजन ट्रेडर्स प्रा लि	कम्प्युटर खरिद	१६८२५७
	जम्मा		**१३८३०००**
१३।०७७।६।२६पूजिगततर्फ	न्यु भिजन ट्रेडर्स प्रा लि	फर्निचर्स खरिद	३२९२५९
१३।०७७।६।२६पूजिगततर्फ	कन्काई ट्रेडर्स एण्ड सप्लायर्स	फर्निचर्स खरिद	२३५१५३
	जम्मा		**५६४४१२**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५०।०७७।७।२१चालुतर्फ</td><td>सेवा अफसेट प्रेस</td><td>छपाई सम्बन्धि</td><td>३८८९७३</td></tr>
<tr><td>१७८।०७७।८।१८चालुतर्फ</td><td>उमेद अफसेट प्रेस</td><td>छपाई सम्बन्धि</td><td>१५९९१७</td></tr>
<tr><td>३४७।०७७।११।१३चालुतर्फ</td><td>एक्टिव अफसेट</td><td>छपाई सम्बन्धि</td><td>११२८५८</td></tr>
<tr><td>६५८।०७८।३।२४चालुतर्फ</td><td>उमेद छापाखाना तथा स्टेशनरी</td><td>छपाई सम्बन्धि</td><td>४९८३३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११६००७८</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td>३१०७४९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td>३१२</td><td>२०७८-३-२८</td><td>जाली खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भूक्तानि गर्दा प्राविधिक नापजाच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भूक्तानि हुनुपर्ने उल्लेख छ। यो वर्ष वडा नं ६ का वस्तिहरुमा जालि आवस्यक परेको भनि (२*१*१) को जालि चेन लिंक इन्भायरोमेण्ट सोलुसन प्रा लि बाट खरिद गरेको विल राखि वडा अध्यक्ष श्री चित्र वहादुर तामाङलाई रु २६९२२५।०० भुक्तानी गरेको छ । खरिद गरेका उक्त जाली पालिकाको जिन्सी कितावमा आम्दानी बाधेको छैन । ति जालीहरु वितरण भई प्रयोग भएको खुल्ने प्राविधिक मुल्यांकन सहितको प्रतिवेदन समेत स्रेस्ता साथ संलग्न नभएकोले उक्त जालीको प्रयोग स्थिति खुल्ने प्राविधिक मुल्यांकन सहितको नापी किताव पेश हुनु पर्दछ । रु</td><td>२६९,२२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५	२७९	२०७८-३-२३	**म्यानुअल दरमा भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ देउराली बदर्पा मांखा सडक निर्माण कार्यको लागि पालिकाले भौचर नं २७९ मिति २०७८।३।२३ बाट प्राविधिकको नापी किताव तथा विल अनुसार रु ९७००००। भुक्तानी गरेको छ । उक्त सडक निर्माण कार्य अन्तर्गत माटो खन्ने कामको लागि उपभोक्ता समितिले देउराली विज्नेश ग्रुप प्रा लिको मेशिन प्रयोग गरी उक्त प्रा लि लाई रु १२५७६९। र ईन्धन वापत रु ९२४२०।०० भुक्तानी गरेको उपभोक्ता समितिले पेश गरेका विल भर्पाई तथा निर्माण कार्यको फोटोबाट देखिन्छ । पालिकाको प्राविधिकबाट तयार गरेको नापी किताव तथा मुल्यांकनमा उक्त कार्य मान्छेवाट भएको भनि प्रति घनमिटर रु ५८८.११ का दरले भुक्तानी गरेको छ । उपभोक्ता समितिले मेशिन लगाई काम गरेको अवस्थामा रु ७१.११ का दरले भुक्तानी गर्नु पर्नेमा म्यानुअल दरमा भुक्तानी गर्दा प्रति घन मिटर रु ५१७।०० का दरले २६३.४४ घन मिटरको जम्मा रु १३६१९८।०० उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको देखिएकोले सम्वन्धित उपभोक्ताबाट असुल हुनुपर्दछ । रु	१३६,१९८
५६			**सडक सफाई कार्य** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ मा रु पाँच लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, पाँच लाख भन्दा माथि बिस लाख रुपयाँसम्म सिलबन्दी दरभाउपत्रवाट र सो भन्दा माथि बोलपत्रको माध्यमवाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढी खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले वर्षादको कारण बाढी पहिरो बाट विभिन्न वडाका वाटो विग्रिएर डोजर, एक्साभेटरबाट पहिरो फाल्ने तथा बाटो सम्याई सडक सरसफाई गरेको भनि सोझै खरिद विधिबाट देहायका भौचरबाट विभिन्न निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । सडक सफाईको लागत अनुमान तयार गर्दा छुट्टै लागत दर विश्लेषणका आधारमा लागत अनुमान तयार नगरी माटो खन्ने कामको दर विश्लेषणका आधारमा लागत अनुमान तयार गरी लागत अनुमानकै हाराहारीमा निर्माण व्यवसायीबाट काम गराएको कारण पालिकालाई बढी व्ययभार वढ्न गएको तर्फ पालिकाले ध्यान दिनु पर्दछ । आकस्मिक रुपमा बाटो सरसफाई गर्नु पर्ने भएकोले निर्माण व्यवसायीसग सोझै सम्झौता गरी कार्य गराएको पालिकाको भनाई रहेको छ । साथै पालिका भित्र विग्रिएका बाटो सरसफाईको लागि प्याकेज बनाई सिलबन्दि दरभाउ पत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । गोश्वरा भौचर / निर्माण व्यवसायी / कामको विवरण / रकम ३-२०७७।६।११ / सेतिदेवी पञ्चकन्या कन्स्ट्रक्सन / वडा नं १,२ र ३ मा पहिरो सफाई / २६८५५५ २२-२०७७।६।३० / सात कन्या देवी कन्स्ट्रक्सन / वढा नं ८ सडक सफाई / २०५६२१	

गोश्वरा भौचर	निर्माण व्यवसायी	कामको विवरण	रकम
३-२०७७।६।११	सेतिदेवी पञ्चकन्या कन्स्ट्रक्सन	वडा नं १,२ र ३ मा पहिरो सफाई	२६८५५५
२२-२०७७।६।३०	सात कन्या देवी कन्स्ट्रक्सन	वढा नं ८ सडक सफाई	२०५६२१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३१-२०७७।७।२१	सिन्धु कन्स्ट्रक्सन एण्ड सप्लायर्स	वडा नं ५ सडक मर्मत	२२२१६३
३३,३४-२०७७।७।९	सेतिदेवि पञ्चकन्या कन्स्ट्रक्सन	वडा नं २ र ३ सडक सफाई	२८३१२१
३६-२०७७।८।११	रुपा कन्स्ट्रक्सन	वडा नं ७ सडक सफाई	३८८०००
४२-२०७७।८।१८	सिन्धु कन्स्ट्रक्सन एण्ड सप्लायर्स	वडा नं ६ बाटो सफाई	१९७८८७
४७-२०७७।८।१८	देउराली विजनेश ग्रुप प्रा लि	वडा नं ४ बाटो सफाई	४८४३९५
११९-२०७७।११।२४	जुगल जलविरे कन्स्ट्रक्सन प्रा लि	वडा नं १ बाटो सफाई	१००९०९
१२२-२०७७।१२।२५	त्रिवेणी व्रह्मायणी कन्स्ट्रक्सन	वडा नं ७ बाटो सफाई	९९८९९
१२८-२०७८।१।९	सिता देवि निर्माण सेवा	वडा नं ३ बाटो सफाई	१४५५००
१२९-२०७८।१।९	सन्सारीमाई निर्माण सेवा	वडा नं ५ बाटो सफाई	२७१६००
१५५-२०७८।२।१०	देउराली विजनेश ग्रुप प्रा लि	वडा नं ७ बाटो सफाई	९७०००
		जम्मा	२७६४६५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७	130	२०७८-१-१	**बोयर बोका वितरण** पालिका भित्रका बाख्रापालन समूह कृषकको बाख्रामा प्रजनन गराउनको लागि यस गाउपालिकाले बार्षिक स्वीकृत बजेट र कार्यक्रम अन्तर्गत उन्नत नश्ल सुधारका लागि प्राकृतिक गर्भाधान प्रजननको लागि वोयर जातको बोका रु ७२७१५०। मा खरिद गरी ९ जना कृषकहरुलाई वितरण गरेको विल भर्पाईको आधारमा वोयर बोका खरिद उपभोक्ता समितिलाई रु ६०००००। भुक्तानी गरेको छ । वोयर बोका खरिद गर्दा उक्त खरिद गरिएका बोकाहरु प्रजनन् योग्य भए नभएको सम्वन्धमा कृषि विज्ञबाट प्रमाणित भई नआएको तथा बोकाहरुको बिमा गर्नुपर्नेमा विमा समेत गरेको नदेखिएकोले पालिकाबाट संझौता अनुसारको काम भए नभएको र अनुदानको उचित सदुपयोग भए नभएको विषयमा एकीन गरी अनुगमन प्रतिवेदन तथा बिमा गरेको प्रमाण पेश गर्नुपर्ने रु	६००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८	२६६	२०७८-३-२२	**गाई अनुदान** पालिका भित्र पशुपालन व्यवसायको माध्यमबाट आय आर्जन तथा युवा वर्गमा रोजगारी सृजना गराउनको लागि गाउपालिकाले बार्षिक स्वीकृत बजेट र कार्यक्रम अन्तर्गत लप्से युवा कृषी तथा पशुपन्छी फर्मलाई रु १५०००० अनुदान उपलव्ध गराएको छ। उक्त अनुदानबाट फर्मले १ वटा होलिस्टेन जातको गाई खरिद गरेकोमा उक्त गाई होलिस्टेन जातको भए नभएको सम्वन्धमा कृषि विज्ञबाट प्रमाणित भई नआएको तथा गाईको बिमा गर्नुपर्नेमा विमा समेत गरेको नदेखिएको ले पालिकाबाट अनुगमन गरी संझौता अनुसारको काम भए नभएको र अनुदानको उचित सदुपयोग भए नभएको विषयमा एकीन गरी अनुगमन प्रतिवेदन तथा बिमा गरेको प्रमाण पेश गर्नुपर्ने रु	१५०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>

बढी निकासा

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए, नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले फुल्पिङकोट माविको मावि शिक्षक करार तर्फ उमाशि २ जना रु.४२३८०, माशि राहत १(प्र.अ.भत्ता सहित) रु.३८४९० र उमाशि ३ जना रु.३७९९० गरी जम्मा ६ जना शिक्षकको जम्मा तलब, भत्ता रकम रु.२३७२२० हुनुपर्नेमा कार्यालय कार्तिक महिनाको निकासा रु.३१३२०० देखिएको विद्यालयको खातामा भएको बढी निकासा रु.७५९८० देखिएकोमा श्रावण-असोज तथा चाडपर्वको निकासामा रु.१५४८२ कम निकासा भएको देखिएकाले खुद बढी निकासा रकम विद्यालयबाट असुल हुनुपर्दछ। रु.६०४९८

त्यसैगरी निम्न शिक्षकहरुको तलबी प्रतिवेदन भन्दा बढी ग्रेड बापतको रकम विद्यालय खातामा निकासा भएको देखिएकाले बढी निकासा रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्दछ।रु.

<table>
<tr><th>शिक्षकको नाम</th><th>विद्यालय</th><th>ग्रेड रकम</th><th>अवधि (महिना)</th><th>बढी भूक्तानी</th></tr>
<tr><td>यदुनाथ नेपाल</td><td>बालशिक्षा मावि</td><td>९४०</td><td>३ महिना तथा चाडपर्व</td><td>४०४२</td></tr>
<tr><td>राजेन्द्र कुमार थापा</td><td>फुल्पिङकोट मावि</td><td>९४०</td><td>९ तथा चाडपर्व</td><td>१०२४६</td></tr>
<tr><td>लुसी श्रेष्ठ</td><td>बनसाघु मावि</td><td>८९०</td><td>कार्तिक-चैत्र</td><td>५८७४</td></tr>
<tr><td colspan="4">जम्मा रु.</td><td>२११६२</td></tr>
</table>

</td><td>८०,६६०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**दिवा खाजा कार्यक्रम** आ व २०७७।७८ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्मका अध्ययनरत विद्यार्थीका लागि विद्यार्थीको उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।०० का दरले दिवा खाजा कार्यक्रमको रकम विद्यालयको खातामा निकासा हुने व्यवस्था छ। पालिकाले आ.व.०७७।७८ मा दिवा खाजाको रकम ३२ सामुदायिक विद्यालय खातामा रु.३२ लाख १२ हजार ६ सय २२ निकासा गरेको छ। पालिकाले उपलब्ध गराएको दिवा खाजा सम्बन्धि विवरणमा विद्यार्थीको दैनिकि हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापकबाट प्रमाणित गरेको भएतापनि कतिपय विद्यालयको IEMIS तथ्याङ्क भन्दा बढी विद्यार्थीहरुलाई दिवा खाजा खुवाएको पाईएको छ। कतिपय विद्यार्थीहरु अन्यत्र विद्यालयबाट पनि आएको र IEMIS मा प्रविष्टी गर्न छुट भएको, उपस्थित सबै विद्यार्थीलाई दिवा खाजा खुवाइएको पालिकाको भनाई रहेको छ। पालिकाबाट IEMIS मा समावेश भए अनुरुप विद्यार्थी विद्यालयमा भए-नभएको सम्बन्धमा हालसम्म विद्यालय सत्यापन नभएको जनाएको छ। यसबाट पालिकाबाट दिईने दिवा खाजा, पाठ्यपुस्तक खरिद, छात्रवृत्ति आदि निकासाको यथार्थ खर्च यकिन हुन सकेन। IEMIS तथ्याङ्क भन्दा बढी विद्यालयको खातामा भएका विभिन्न निकासा रकमको सदुपयोग सम्बन्धमा पालिकाबाट अनुगमन भई यकिन हुनुपर्दछ।	
६१			**शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । विद्यालय: ३२ वटा विद्यालयको जम्मा; शिक्षक दरवन्दी: १८२; स्थायी पदपुर्ती: ७९; पदपुर्ती मध्ये करार राहत र अस्थायी: १०३; विद्यार्थी संख्या: ४२५५ यस सम्बन्धमा निम्नानुसार देखिएको छ । • ३२ विद्यालयमा १८२ शिक्षक दरबन्दी रहेकोमा ७९ पदमा स्थायी पदपुर्ती भएको, १०३ जना राहत अस्थाई र करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।	

विद्यालय	शिक्षक दरवन्दी	स्थायी पदपुर्ती	पदपुर्ती मध्ये करार राहत र अस्थायी	विद्यार्थी संख्या
३२ वटा विद्यालयको जम्मा	१८२	७९	१०३	४२५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**दोहोरो यातायात सुविधा** सार्वजनिक कार्यालयले खर्च लेख्दा मितव्ययिता अपनाई व्यक्तिलाई दोहोरो सुविधा भूक्तान नहुने गरी खर्च लेख्नु पर्दछ।गो.भौ.१०१।०७८।३।०२ बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी भए बापत भनि कार्यालयबाट यातायात सुविधा लिएका व्यक्तिले समेत कार्यक्रममा सहभागिता जनाए बापत यातायात खर्च लेखेकाल सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्ने रु.	३,५००

पदाधिकारी\कर्मचारीको नाम, थर	यातायात खर्च
केदार क्षेत्री	५००
कमला कायस्थ श्रेष्ठ	५००
छविलाल न्यौपाने	५००
काली प्रसाद लामा	५००
काकेल लामा	५००
चरि ब.तामाङ	५००
सल ब.पाण्डे	५००
जम्मा रु.	३५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>नपुग पारिश्रमिक कर
आयकर ऐन, २०५८ को दफा ८७ (१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची-१ बमोजिमका दरले हुने भूक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले निम्न कर्मचारीहरुको पारिश्रमिक आयमा १% भन्दा बढी दरमा कर लाग्ने भएतापनि नियम बमोजिम करट्टी गरेको छैन। अपुग पारिश्रमिक कर असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीकोनाम, थर</th><th>वार्षिक आयरकम</th><th>घटाउनपाईने(प्रथम सीमा, दुर्गम भत्ता, जीवनबिमा)</th><th>करयोग्यआय</th><th>पारिश्रमिक कर</th></tr>
<tr><td>१</td><td>सुरेश साह, सिअहेव</td><td>५९१४०२</td><td>४८५०००</td><td>१०६४०२</td><td>११२८०</td></tr>
<tr><td>२</td><td>प्रशान्त ज्ञवाली, मेअ</td><td>४९५५८०</td><td>४८५०००</td><td>१०५८०</td><td>१०५८</td></tr>
<tr><td>३</td><td>सन्दिप पौडेल, मेअ</td><td>६४००३९</td><td>४८५०००</td><td>१५५०३९</td><td>२१००७</td></tr>
<tr><td colspan="5">जम्मा रु.</td><td>३३३४५</td></tr>
</table></td><td>३३,३४५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**स्वास्थ्य कर्मचारी दरबन्दी र पदपूर्ति** स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति भई नियमित स्वास्थ्य सेवा प्रवाहको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र-१, आधारभूत स्वास्थ्य केन्द्र-४ र स्वास्थ्य चौकी-३ गरी जम्मा ८ वटा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्था रहेको छ।	

पालिका अन्तर्गत स्वास्थ्य संस्था	जम्मा दरवन्दी	स्थायी पदपुर्ती	पदपुर्ती मध्ये करार	कैफियत
८ वटा	४५	१०	४१	३ जना छात्रवृत्ति करार, अनमी,ल्याब टेक्निसियन र फार्मसिष्ट ३ जना दरबन्दी भन्दा बाहिर

पालिकाले दरबन्दी अनुसार मात्र कर्मचारीको पदपूर्ति गर्नुपर्दछ।पालिकाले दिएको विवरण अनुसार छात्रवृत्ति करार बाहेक अन्य ३ जनालाई करारमा पदपूर्ति गर्न मिल्ने देखिदैन।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			**नर्म्स भन्दा बढी दरमा भूक्तानी** पालिकाले कार्यक्रम खर्च सम्बन्धी खर्च गर्नका लागि पालिका स्तरीय कार्य संचालन निर्देशिका स्वीकृत गरेर कार्यान्वयनमा नल्याएको र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकालाई आधार मानी कार्यक्रम संचालन गरेको कुरा कार्यालयबाट खुल्न आएको छ। अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को बुदा नं.७.१.१५ मा नेपाल सरकारका तालिम केन्द्र बाहेक अन्य निकायबाट हुने कार्यक्रममा लाग्ने खर्चको अधिकतम नर्म्स उल्लेख छ। निर्देशिकाको बुदा नं.७.१.१५ मा आन्तरिक प्रशिक्षकले कक्षा संचालन गरेबापतको प्रशिक्षण भत्ता नपाउने तर कार्यपत्र बापत (गाउँपालिकास्तर) रु.७०० का दरले पाउने व्यवस्था छ।तर बालबिवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रममा निम्न गो.भौ.बाट पालिकाकै आन्तरिक प्रशिक्षकलाई नर्म्स भन्दा बढीका दरले भूक्तानी भएको देखिएकाले बढी भूक्तानी(कर कट्टी पछि) को रकम सम्बन्धितबाट असुल भई प्रदेश संचितकोषमा दाखिला हुनुपर्दछ। रु.	४,०८०

गो.भौ.१९-०७८।३।२३				
कर्मचारीको नाम, थर	सेशन संख्या	हुनुपर्ने दर	भूक्तानी दर	बढी भूक्तानी(करकट्टि पछि)
सुरेश साह	२	७००	१३००	१०२०
भिमादेवी दुलाल	६	७००	१३००	३०६०
जम्मा रु.				४०८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**बढी दरमा बैठक भत्ता** बागमती प्रदेश अन्तर्गत रहेका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१क मा गाउँपालिकाका सम्पूर्ण पदाधिकारीको बैठक भत्ता प्रति बैठक रु.१००० तोकिएको छ। पालिकाले गाउँपालिका उपाध्यक्षको संयोजकत्व रहेको अनलाईन घटना दर्ता सम्बन्धी बैठक भत्ता बापत अध्यक्ष सहित ६ जना पदाधिकारी, कर्मचारी सहितको जम्मा ४२ वटा बैठक भत्ताको रु.१००० का दरले बैठक भत्ता दिनुपर्नेमा रु.१५०० का दरले गो.भौ.१२०-०७८।३।१९ बाट फुपा छिरिङ तामाङलाई रु.६३००० भूक्तानी गरेको छ।तर निजले सम्बन्धित व्यक्तिहरुलाई भत्ता बुझाएको भर्पाई पेश नभएकोमा भर्पाई पेश गर्ने तथा तथा बढी दरमा बुझाएको रकम समेत असुल हुनुपर्दछ । रु.	३४,८५०

पदाधिकारी\कर्मचारीको नाम, थर	बैठक संख्या	बढी दर(कर कट्टि पछि)	बढी भूक्तानी

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

केदार क्षेत्री	७	४२५	२९७५
कमला कायस्थ श्रेष्ठ	७	४२५	२९७५
शैलेन्द्र भण्डारी	७	४२५	२९७५
कुशल अधिकारी	७	४२५	२९७५
फुपा छिरिङ लामा	७	४२५	२९७५
सुमित्रा नेपाल	७	४२५	२९७५
जम्मा रु.			१७८५०

त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन बैठक भत्ता बापतको गो.भौ.१२-०७८।३।२५ बाट अध्यक्ष सहित ८ जनाको कुल ४० बैठकको रु.१००० का दरले भूक्तानी हुनुपर्नेमा १५०० का दरले भूक्तानी भएकाले बढी भूक्तानी रकम कर कट्टी गरी असुल हुनुपर्दछ । रु.

पदाधिकारी\कर्मचारीको नाम, थर	बैठक संख्या	बढी दर(कर कट्टि पछि	बढी भूक्तानी
केदार क्षेत्री	५	४२५	२१२५
कमला कायस्थ श्रेष्ठ	५	४२५	२१२५
शैलेन्द्र भण्डारी	५	४२५	२१२५
संजय प्याकुरेल२१२५	५	४२५	२१२५
ज्ञानु तामाङ	५	४२५	२१२५
कुशल अधिकारी	५	४२५	२१२५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>रोहित पराजुली</td><td>५</td><td>४२५</td><td>२१२५</td></tr>
<tr><td>खम्बध्वज कार्की</td><td>५</td><td>४२५</td><td>२१२५</td></tr>
<tr><td colspan="3">जम्मा रु.</td><td>१७०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले स्थानीय तहभित्रका वडाहरुमा बाटो सोलिङ, सिढी निर्माण, ढुङ्गाको गारो लगाउने कार्य लगायत १७ योजना सञ्चालन गरी यस वर्ष ३९५ जनालाई रोजगारी उपलब्ध गराई ज्यालामा रु.१ करोड ९८ लाख ६१ हजार ७२ खर्च लेखेको छ। लक्षित वर्गलाई न्यूनतम १७ देखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत रु.२ करोड ८ लाख ८८ हजार ७ सय ७७ खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**कृषि अनुदान कार्यक्रम** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, सहकारी संस्थालाई पशु पालन, विभिन्न कृषि पकेट कार्यक्रम, कृषि सामाग्री खरिदमा अनुदान दिई खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नभएको, कतिपय अनुदानमा प्राविधिक मूल्याङ्कन सहित भूक्तानी हुनुपर्नेमा बिल भर्पाई, डोर हाजिरीका आधारमा भूक्तानी भएको देखिन्छ । तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि अपनाई प्राविधिक मूल्याङ्कन गरेर मात्र अनुदान दिनुपर्दछ।साथै वितरित अनुदानबाट लाभग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

गो.भौ.	कार्यक्रमको नाम	लाभग्राही	अनुदान रकम
१४९	बाख्रापालन पकेट स्थापना	प्रगतिशिल पशुपंक्षी तथा कृषि फर्म	९५०००
१५०	बाख्रा पकेट स्थापना	देवप्रकाश कृषि तथा पशुपंक्षी फर्म	१६००००
१५१	तरकारी पकेट स्थापना	चेतनशिला कृषि सहकारी संस्था लि	३८८०००
१५२	बाख्रा पकेट स्थापना	लप्से युवा कृषि तथा पशुपंक्षी फर्म	५५००००
१५३	बाख्रा पकेट स्थापना	ब्रह्मायणी प्रगतिशिल कृषि सहकारी संस्था	८५०००
१५४	बाख्रा पकेट स्थापना	बहुमुखी कृषक समूह	९५०००
१५५	खाद्यान्न बाली पकेट कार्यक्रम	आत्मनिर्भर न्यौपाने कृषक समूह	६८६५००
१५६	बाख्रा पकेट स्थापना	सुरा उद्यमी बहुउद्देश्यीय कृषि तथा पशु फर्म	८४६००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**बढी ग्रेड भूक्तानिः** निजामती सेवा ऐन, २०४९ मा तलबी प्रतिवेदनमा पारित भए अनुसारको भन्दा बढी ग्रेड रकम भुक्तानि गर्न नमिल्ने व्यवस्था रहेको छ ।पालिकाले विभिन्न गो भौ बाट कर्मचारीको तलब ग्रेड सहित भूक्तानि गरेको छ। पालिकाले सुनिता खतिवडालाई साउन, भदौ, असोज र चाडवाडको पारिश्रमिक भूक्तानि गर्दा १।१ ग्रेड बढी हुने गरी प्रति ग्रेड रु ८८७ का दरले जम्मा रु ३५४८ बढी भक्तानि र कृष्ण बहादुर तामाङ्गलाई चाडवाड खर्च भूक्तानि गर्दा १ ग्रेड रु ८८७ बढी भूक्तानि भएकोले पाउने ग्रेड रकम भन्दा बढी भूक्तानि भएको अशुल हुनुपर्ने रु	४,४३५

क्रम	कर्मचारीको नाम	असुली रकम
६९.१	सुनिता खतिवडा	३,५४८
६९.२	कृष्ण ब तामाङ	८८७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०			**पदाधिकारी तथा कर्मचारीको दोहोरो सुविधि भूक्तानिः** अर्थ मन्त्रालयबाट प्रकाशित कार्य संचालन निर्देशिका २०७५ मा भत्ता रकम उपलब्ध गराउँदा दोहोरो नहुने गरी उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाले विभिन्न मिति र भौचरबाट देहायबमोजिमका कर्मचारी तथा पदाधिकारीहरु भ्रमणमा रहेको उल्लेख गरी दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी दिएको देखिन्छ। सोही समयको बिचमा पालिकाको विभिन्न बैठकमा उपस्थिति भएको जनाइ बैठक भत्ता पनि भुक्तानी दिएको देखिन्छ। रात विताउने गरी भ्रमणमा गएको सुविधा लिएको सदस्य उक्त समयको बैठकमा उपस्थित हुने अवस्था नहुने भएकोले दोहोरो पारी भुक्तानी दिएको भत्ता रकम असुल हुनुपर्ने रु..	८५,८००

नाम	गो भौ	भ्रमण अवधि	गो भौ	बैठक मिति	दोहोरो परेको रकम
केदार क्षेत्री	१२३	०७७।६।१९ देखि २५	१८६ र २२२	०७७।६।२२ र ६।२२	१००००
केदार क्षेत्री	५०५	०७७।९।२१ देखि २७	५३४ र ३६०	९।२३ ९।२६ र २७	१००००
केदार क्षेत्री	५०५	०७७।११।८ देखि १५	४४२ र ५३४	११।११ र ११।१२	१००००
कमला श्रेष्ठ कायस्थ	५०५	०७७।९।११ देखि १८	५०७ अनुगमन	९।१३ र ९।१६ मा २ वटा	१००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कमला श्रेष्ठ कायस्थ</td><td>५०५</td><td>०७७।११।४ देखि ११</td><td>४४२ र ५०७ अनुगमा</td><td>११।५ मा २ वटा</td><td>१००००</td></tr>
<tr><td>कमला श्रेष्ठ कायस्थ</td><td>२५५</td><td>०७८।३।२० देखि २६</td><td>कार्यपालिका बैठक</td><td>कार्यपालिका बैठक</td><td>१००००</td></tr>
<tr><td>शैलेन्द्र भण्डारी</td><td>४२</td><td>०७७।४।२।३। काठमाडौ दोहोरो परेको</td><td>४६</td><td>०७७।४।२देखि ६ काठमाडौ</td><td>२०००</td></tr>
<tr><td>शैलेन्द्र भण्डारी</td><td>४२</td><td>०७७।५।२३ देखि २६</td><td>प्रविधिक सहायक पदपूर्ति</td><td>०७७।५।२५</td><td>५२००</td></tr>
<tr><td>शैलेन्द्र भण्डारी</td><td>३७७</td><td>०७७।१०।२९ देखि ११।४</td><td>विद्यालय अनुगमन</td><td>०७७।११।३</td><td>८४००</td></tr>
<tr><td>शैलेन्द्र भण्डारी</td><td>४९८</td><td>०७७।१२।१६ देखि १८</td><td>विद्यालय अनुगमन</td><td>१२।१७</td><td>३६००</td></tr>
<tr><td>कुशल अधिकारी</td><td>४७</td><td>०७७।५।३० देखि ६।१</td><td>१०४ गाउ शिक्षा समिति बैठक</td><td>६।२९</td><td>२७००</td></tr>
<tr><td>कुशल अधिकारी</td><td>१८९</td><td>०७७।७।२३ देखि २६</td><td>५२६</td><td>७।२४</td><td>३९००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८५८००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>

कार्यालय समयमा बसेको बैठक भत्ताः

अर्थ मन्त्रालयद्वारा जारी कार्य सञ्चालन निर्देशिका २०७५ को खर्चको मापदण्डमा कार्यालय समयमा बैठक वस्दा तथा एउटै निकाय र अन्तरगतका पदाधिकारी/ कर्मचारीमात्र बस्ने बैठकमा भत्ता नपाउने उल्लेख छ। पालिकामा गो भौ नं ४१ र ७७ मिति ०७७।५।२९ बाट सहायक स्तर चौथो तहको कर्मचारीहरुको का स मू का लागि बसेको बैठकको भत्ता देहाय बमोजिम भुक्तानि गरेको पाईयो ।कार्यालय समयमा कार्यालयकै काम गरेबापत भत्ता पाउने व्यवस्था नरहेकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु

<table>
<tr><th>गो भौ नं</th><th>कर्मचारीको नाम</th><th>भत्ता दर</th><th>बैठक संख्या</th><th>कर कट्टी पछी भत्ता रकम</th></tr>
<tr><td>४१ र ७७</td><td>शैलेन्द्र भण्डारी</td><td>१५००</td><td>३</td><td>३८२५</td></tr>
<tr><td>४१ र ७७</td><td>अर्जुन बहादुर खड्का</td><td>१५००</td><td>२</td><td>२५५०</td></tr>
<tr><td>४१</td><td>सुरेश शाह</td><td>१५००</td><td>१</td><td>१२७५</td></tr>
<tr><td>७७</td><td>संजय प्याकुरेल</td><td>१५००</td><td>१</td><td>१२७५</td></tr>
<tr><td>७७</td><td>सल बहादुर पाण्डे</td><td>१५००</td><td>१</td><td>१२७५</td></tr>
<tr><td>७७</td><td>अनिल भण्डारी</td><td>१५००</td><td>१</td><td>१२७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>११४७५</td></tr>
</table>

</td><td>११,४७५</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>

कार्यालय समयमा ठेक्का खोल्दा बसेको बैठक भत्ताः

अर्थ मन्त्रालयद्वारा जारी कार्य सञ्चालन निर्देशिका २०७५ को खर्चको मापदण्डमा कार्यालय समयमा बैठक वस्दा तथा एउटै निकाय र अन्तरगतका पदाधिकारी/ कर्मचारीमात्र बस्ने बैठकमा भत्ता नपाउने उल्लेख छ। पालिकामा गो भौ नं २९१ पूजिगतबाट विभिन्न मितिमा ई बिडको ठेक्का खोल्दा बसेको वैठकमा भुक्तानी भएको रु. ३३१५० बैठक भत्ता रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु....

<table>
<tr><th>पदाधिकारी तथा कर्मचारी</th><th>बैठक संख्या</th><th>भत्ता दर</th><th>जम्मा रकम</th><th>करकट्टी पछि भक्तानि रकम</th></tr>
</table>

</td><td>३३,१५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

केदार क्षेत्री	२	१५००	३०००	२५५०
कमला श्रेष्ठ कायस्थ	२	१५००	३०००	२५५०
शैलेन्द्र भण्डारी	२	१५००	३०००	२५५०
संजय प्याकुरेल	२	१५००	३०००	२५५०
खम्बध्वज कार्कि	२	१५००	३०००	२५५०
कुशल अधिकारी	२	१५००	३०००	२५५०
सन्तोष सापकोटा	२	१५००	३०००	२५५०
रोहित पराजुली	२	१५००	३०००	२५५०
सुकुलाल तामाङ	१	१५००	१५००	१२७५
हरीशरण वस्नेत	२	१५००	३०००	२५५०
नानीराम पराजुली	२	१५००	३०००	२५५०
अमिरजन नेपाल	१	१५००	१५००	१२७५
अर्जुन बहादुर महत	१	१५००	१५००	१२७५
धिरज राउत	१	१५००	१५००	१२७५
प्रेम प्रसाद सापकोटा	२	१५००	३०००	२५५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३३१५०</td></tr></table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>भ्रमण आदेश स्वीकृतिः
बागमती प्रदेश सरकारद्वारा प्रकाशित प्रदेश राजपत्रको दफा ७ को उपदफा ३ मा उपदफा १ बमोजिम भ्रमण गर्दा ३ दिन सम्मको भ्रमण आदेश गाउँपालिका अध्यक्ष स्वयम् ले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था उल्लेख रहेको छ। छनौटमा परेको विभिन्न भौचरबाट गाउँपालिका अध्यक्ष केदार क्षेत्रीले विभिन्न ९ वटा मितिमा काठमाडौ हेटौडा आदि स्थानमा भ्रमण गर्दा ३ दिन भन्दा बढी ७ दिनसम्म आफैले भ्रमण आदेश स्वीकृत गरी रु ९०००० भूक्तानि भएको छ। कार्यपालिकाबाट स्वीकृत भ्रमण आदेश पेश हुनुपर्नेमा सो नभएको नियमसम्मत नदेखिएको रु</td><td>९०,०००</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>यातायात खर्चः
अर्थ मन्त्रालयबाट प्रकाशित कार्य संचालन निर्देशिका २०७७ मा सेवा सुविधा उपलब्ध गराउँदा दोहोरो नहुने गरी उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाबाट यातायात सुविधा उपलब्ध गराएका पदाधिकारीलाई पालिकाको नवौ गाउँसभामा उपस्थित भएवापत बैठक भत्ता भुक्तानी दिएको अवस्थामा यातायात खर्च दिन मिल्ने देखिदैन। पालिकाको २०७८ असारमा सम्पन्न नवौ गाउँसभामा उपस्थित सदस्य आमन्त्रित सदस्य तथा कर्मचारीहरुलाई बैठक भत्ता प्रदान गरेकोमा गो भौ नं. ६४० मिति ०७८।३।२१ बाट पालिकाका पदाधिकारीलाई सभामा उपस्थित भएको भनी पालिकाबाट यातायात सुविधा लिएका पालिका अध्यक्ष लगायत १० जनालाई समेत रु.१००० का दरले रु.१०००० यातायात खर्च भुक्तानी दिएको देखियो। सभामा उपस्थित पदाधिकारीलाई बैठक भत्ता भुक्तानी दिएकोमा पुनः यातायात खर्च भनी थप रकम खर्च लेखेकोले उक्त रकम असुल गर्नु पर्दछ रु..
<table>
<tr><th>नाम</th><th>पद</th><th>रकम</th></tr>
<tr><td>केदार क्षेत्री</td><td>अध्यक्ष</td><td>१०००</td></tr>
<tr><td>कमला श्रेष्ठ कायस्थ</td><td>उपाध्यक्ष</td><td>१०००</td></tr>
<tr><td>मधु बहादुर थापा</td><td>सभा सदस्य</td><td>१०००</td></tr>
<tr><td>छविलाल न्यौपाने</td><td>सभा सदस्य</td><td>१०००</td></tr>
<tr><td>वीरमान तामाङ</td><td>सभा सदस्य</td><td>१०००</td></tr>
</table></td><td>१०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>काली प्रसाद लामा</td><td>सभा सदस्य</td><td>१०००</td></tr><tr><td>विकास श्रेष्ठ</td><td>सभा सदस्य</td><td>१०००</td></tr><tr><td>चित्र बहादुर तामाङ</td><td>सभा सदस्य</td><td>१०००</td></tr><tr><td>कार्केल लामा</td><td>सभा सदस्य</td><td>१०००</td></tr><tr><td>चरी बहादुर तामाङ</td><td>सभा सदस्य</td><td>१०००</td></tr><tr><td>जम्मा</td><td></td><td>१००००</td></tr></table>	
७५			**यातायात खर्चः** कानूनमा तोकिए भन्दा बाहेकका समितिको बैठक भत्ता तथा कार्यालय समयमा कार्यालय परिसरमा बसेको बैठकको यातायात खर्च पाउने व्यवस्था छैन। यस बलेफी गाउँपालिका वडा नं १ मा रहेको जलविरे प्राथमिक स्वास्थ्य केन्द्रमा शिव शंकर मण्डलले कार्यक्रम संचालन गरी स्वास्थ्य व्यवस्थापन समितिको बैठक बसी यातायात खर्च भूक्तानि गरेको छ। अध्यक्ष मधु बहादुर थापा लगायत ११ जनाले विभिन्न मितिमा बसेको बैठकको यातायात खर्च भनी गो भौ नं ५८६ बाट रु ४८००० भूक्तानि भएको छ। दिन नमिल्ने खर्च दिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु	४८,०००
७६			**बढी दरमा बैठक भत्ताः** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । पालिका अध्यक्ष तथा उपाध्यक्षको संयोजकत्वमा बसेको बैठकको भत्ता रु १००० हुनुपर्नेमा गो भौ नं १७९ र ५०७ बाट रु १५०० का दरले भत्ता प्रदान गरेको हुनाले बढि दरमा भूक्तानि भएको भत्ता रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु <table><tr><td>नाम</td><td>बैठक संख्या</td><td>भूक्तानि भएको बैठक दर</td><td>बढी दर</td><td>बढी रकम</td></tr><tr><td>केदार क्षत्री</td><td>११</td><td>१५००</td><td>५००</td><td>५५००</td></tr></table>	४३,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कमला श्रेष्ठ कायस्थ</td><td>११</td><td>१५००</td><td>५००</td><td>५५००</td></tr>
<tr><td>शैलेन्द्र भण्डारी</td><td>११</td><td>१५००</td><td>५००</td><td>५५००</td></tr>
<tr><td>संजय प्याकुरेल</td><td>७</td><td>१५००</td><td>५००</td><td>३५००</td></tr>
<tr><td>सल बहादुर पाण्डे</td><td>४</td><td>१५००</td><td>५००</td><td>२०००</td></tr>
<tr><td>खम्बध्वज कार्की</td><td>७</td><td>१५००</td><td>५००</td><td>३५००</td></tr>
<tr><td>कुशल अधिकारी</td><td>९</td><td>१५००</td><td>५००</td><td>४५००</td></tr>
<tr><td>सन्तोष सापकोटा</td><td>७</td><td>१५००</td><td>५००</td><td>३५००</td></tr>
<tr><td>नानीराम पराजुली</td><td>७</td><td>१५००</td><td>५००</td><td>३५००</td></tr>
<tr><td>कुमारी शान्ती धामी</td><td>२</td><td>१५००</td><td>५००</td><td>१०००</td></tr>
<tr><td>विजय घिमिरे</td><td>४</td><td>१५००</td><td>५००</td><td>२०००</td></tr>
<tr><td>धिरज राउत</td><td>२</td><td>१५००</td><td>५००</td><td>१०००</td></tr>
<tr><td>रन्जु मोक्तान</td><td>२</td><td>१५००</td><td>५००</td><td>१०००</td></tr>
<tr><td>राम खड्का</td><td>२</td><td>१५००</td><td>५००</td><td>१०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>४३०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७७			**करार कर्मचारीलाई महङ्गी भत्ताः** सामान्य प्रशासन मन्त्रालयको च.नं.२१७ मिति २०७४।०१।२५ को परिपत्र अनुसार करार सेवामा कार्यरत कर्मचारीहरुले महंगी भत्ता पाउने देखिदैन । पालिकाले उक्त व्यवस्था विपरित विभिन्न भौचर र मितिबाट पालिकामा कार्यरत करारका कर्मचारीहरुलाई साउन,भदौ र असोजमा १४ जना, कार्तिक र मंसिरमा १५ जना, पुस देखि असारसम्म १९ जनालाई प्रति व्यक्ति प्रति महिना रु २००० का दरले जम्मा रु ४१०००० महङ्गी भत्ता भूक्तानि दिएको छ । उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने देखिएको रु.....	४१०,०००
७८			**सामाग्री खरिदको रकम सोधभर्नाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।सोही नियमावलीको नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चीस हजार रुपयाँ भन्दा वढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटमा परेका देहाय अनुसारका कारोवारहरुको परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा एकाउण्टपेयी चेक मार्फत भुक्तानी दिनुपर्नेमा वडाका अध्यक्ष, सचिव तथा पालिकाका कर्मचारी लगायतका पपदाधिकारी तथाकर्मचारीहरुले सामान खरिद वापतको रकम भुक्तानी लिएको पाईयो । साथै भुक्तानी लिने पदाधिकारी तथा कर्मचारीहरुले सामाग्री आपुर्तकलाई रकम बुझाएको भरपाईहरु समेत संलग्न राखेको पाईएन । जसबाट खरीद कार्यमा प्रतिपर्धा समिति हुन पुगेको छ । अनुगमन गरी नियन्त्रण गर्नुपर्ने व्यक्तीले नै भुक्तानी लिने तथा उक्त सामानहरु पलिकाको मूल जिन्सिमा समेत दाखिला नभई सम्बन्धीत वडामा मात्र दाखिला हुने देखियो । तसर्थ सेवा प्रदायकलाई एकाउण्टपेयी चेक मार्फत सम्बन्धीत आपुर्तकको नाममा नै भुक्तानी दिई सामाग्री खरिद वापतको रकम पदाधिकारीले र कर्मचारीले भुक्तानी लिने तथा निजहरु पुनः आपुर्तकलाई नगदमा भुक्तानी दिने प्रकृया नियन्त्रण गर्नु पर्दछ ।	
७९			**बढी भाडा भूक्तानिः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गो भौ नं ५८९ बाट गोकर्ण बहादुर श्रेष्ठलाई घरभाडा मासिक रु १८९३८ का दरले ९ महिनाको रु १७०४४२ र एउटा कोठाको १ महिनाको रु ३७८८ गरी जम्मा रु १७४२३० भूक्तानि गर्नुपर्नेमा रु १८१७९४ भूक्तानि भएको छ। बढी भूक्तानि भएको रकम असुल हुनुपर्ने रु	७,५६४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८०</td><td></td><td></td><td>अनुदान रकमः
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट १९ वटा विद्यालयलाई रु. ५१ लाख ५० हजार तलब भत्ता भुक्तानीको लागि अनुदान प्रदान गरेको पाईयो। पालिकाबाट अनुदानको सही सदुपयोग भए नभएको विषयमा अनुगमन गरी अनुदानको सही सदुपयोग गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>न्यायिक समितिको सदस्य बाहेकलाई बैठक भत्ताः
नेपालको संविधान, २०७२ को धारा २१७ मा प्रत्येक स्थानीय तहमा उपाध्यक्ष\उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यवस्था रहेको छ। त्यसैगरी बागमती प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीको सेवा, सुविधा सम्बन्धमा बनाएको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची-१ग मा न्यायिक समितिको संयोजक र सदस्यका लागि मात्र बैठक भत्ता दिन पाउने व्यवस्था उल्लेख छ।न्यायिक समिति संयोजक र सदस्यलाई प्रति बैठक रु.१२०० र रू.१००० दिनुपर्ने व्यवस्था भएतापनि कार्यालयले देहाय बमोजिमका गो.भौ. बाट न्यायिक समिति सदस्य लगायत अन्य कर्मचारीलाई बैठक भत्ता वितरण गरेको छ। न्यायिक समिति सदस्य भन्दा फरक व्यक्तिले बुझेको उक्त बैठक भत्ता रकम सम्बन्धित बाट असुल हुनुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>पदाधिकारी तथा कर्मचारीको नामा</th><th>बैठक संख्या</th><th>बैठक दर</th><th>कर कट्टी पछी भूक्तानि रकम</th></tr>
<tr><td>७२ र २०६</td><td>केदार क्षेत्री</td><td>२३</td><td>१०००</td><td>१९५५०</td></tr>
<tr><td>७२ र २०६</td><td>शैलेन्द्र भण्डारी</td><td>१८</td><td>१०००</td><td>१५३००</td></tr>
<tr><td>७२ र २०६</td><td>कुशल अधिकारी</td><td>१५</td><td>१०००</td><td>१२७५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४७६००</td></tr>
</table></td><td>४७,६००</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>दोहोरो चाडपर्व खर्चः</td><td>१४५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>शिक्षक सेवा ऐन मा शिक्षकले आफूले रोजेको चाडपर्वमा बर्षमा १ पटक १ महिनाको तलब बराबरको रकम चाडपर्व खर्च स्वरुप पाउने व्यवस्था रहेको छ। श्री जलवीरे भ्याली क्याम्पसका देहाय बमोजिमका शिक्षकलाई संघीय शसर्त शीर्षकबाट आश्विन महिनाको पारिश्रमिक संगै चाडपर्व भत्ता भूक्तानि भएकोमा पुन नगरपालिका चालु शीर्षकबाट उप प्राध्यापकको रुपमा अध्यापन गरेको बापत श्रावण देखि कार्तिक महिना सम्मको पारिश्रमिक र चाडपर्व खर्च समेत भूक्तानि भएको हुनाले दोहोरो परेको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>राजेश कुमार थापा</td><td>१५०००</td></tr>
<tr><td>२</td><td>शिव बहादुर क्षेत्री</td><td>१००००</td></tr>
<tr><td>३</td><td>राज कुमार ढुंगाना</td><td>१००००</td></tr>
<tr><td>४</td><td>कुमार सापकोटा</td><td>१००००</td></tr>
<tr><td>५</td><td>स्वर बहादुर भण्डारी</td><td>१००००</td></tr>
<tr><td>६</td><td>कृष्ण प्रसाद पौडेल</td><td>१००००</td></tr>
<tr><td>७</td><td>हिरालाल न्यौपाने</td><td>१००००</td></tr>
<tr><td>८</td><td>बालकृष्ण न्यौपाने</td><td>१००००</td></tr>
<tr><td>९</td><td>भूमिनन्द तिमल्सिना</td><td>१००००</td></tr>
<tr><td>१०</td><td>राज कुमार श्रेष्ठ</td><td>१००००</td></tr>
<tr><td>११</td><td>महेश थापा</td><td>१००००</td></tr>
<tr><td>१२</td><td>कैलाश कुमार थापा</td><td>१००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१३</td><td>तुलसी प्रसाद चम्लागाई</td><td>१००००</td></tr>
<tr><td>१४</td><td>अनिता सापकोटा</td><td>१००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१४५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>वडाको खर्चः
पालिकाले सभाबाट प्रत्येक वडालाई चालु तथा प्रशासनीक खर्च वापत प्रति वडा रु.२ लाख का दरले बजेट विनियोजन गरेको छ । उक्त बजेटबाट वडाले दैनीक कार्य संचालनका लागि आवश्यक पर्ने कार्यलय संचालनका मालसामान तथा अन्य प्रशासनीक खर्चहरु गर्ने गरेको व्यहोरा लेखापरीक्षणको क्रममा जानकारी प्राप्त भएको छ । तर वडाले उक्त बजेटवाट कार्यालय संचानलका लागि आवश्यक मालसामानहरु जस्तै फोटोकपी पेपर, टोनर, लगायतका सामानहरु वडा आफैले खरिद गर्ने तथा सोको दाखिला समेत वडामा मात्र हुने पालिकाको जिन्सी अभिलेखमा उक्त खरिद गरिएका सामानहरु को विवरण उल्लेख नहुने व्यहोरा छलफलको क्रममा जानकरी प्रप्त भएको छ । साथै लेखापरीक्षणको क्रममा वडाको जिन्सी किताब माग गरी परीक्षण गर्दा वडाले नखप्ने सामानहरु दाखिल गर्ने गरेको समेत देखिएन । जसबाट वडाबाट खरिद भएका भनी भुक्तानीका लागि पालिकामा पेश भएको विल तथा दाखिला विवरण यथार्थ हुन भन्न सकिने अवस्था समेत रहेन । तसर्थ यस सम्बन्धमा पालिकाले आवश्यक कार्बाही गरी वडाबाट खरिद भएका सामानहरुको यथार्थता यकिन हुनुपर्दछ । साथै यस्ता सामाग्री पालिकाबाटै ऐन तथा नियमावलीको पालना गरी खरिद गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४</td><td></td><td></td><td>बिजुलीमा जरिवानाः
सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ। तर पालिकाले समयमै विद्युत महसुल नतिरी जरीवाना स्वरुप थप दस्तुर वापत निम्न गो.भौ. बाट भुक्तानी गरेकोमा अनियमित खर्च रु
<table>
<tr><th>गो भौ नं</th><th>विवरण</th><th>जम्मा रकम</th><th>जरिवाना रकम</th></tr>
<tr><td>१०५</td><td>गाउँपालिका</td><td>२९०००</td><td>४२००</td></tr>
<tr><td>९१</td><td>प्राथमिक स्वास्थ्य केन्द्र जलविरे</td><td>४९३१४</td><td>३७०३०</td></tr>
<tr><td>३५१</td><td>प्राथमिक स्वास्थ्य केन्द्र जलविरे</td><td>३७३३३</td><td>२६९२७</td></tr>
<tr><td>३५४</td><td>७ नं वडा कार्यालय</td><td>७६२०</td><td>३७६६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७१९२३</td></tr>
</table></td><td>७१,९२३</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>शीक्षकलाई दोहोरो सुविधाः
पालिकाले गो भौ नं २९४ बाट जलविरे भ्याली क्याम्पसलाई रु ७००००० अनुदान प्रदान गरेको छ।उक्त अनुदान रकमबाट क्याम्पसले शिक्षकहरुको तलबमा खर्च गरेको पेरोल पेश गरेको छ।जुन पेरोल परीक्षण गर्दा १ जना क्याम्पस प्रमुख र १४ जना उप प्राध्यापक भनी तलब भूक्तानि गरेको देखिन्छ।एउटा विद्यालयमा १४ जना उप प्राध्यापक रहने व्यवस्था नरहेको तथा १४जना नै विभिन्न विद्यालयका प्रधान अध्यापक तथा स्थायी शिक्षक र राहत दरबन्दीमा कार्यरत रहेका र शसर्त तर्फबाट तलब प्राप्त गरेका देखिएको छ।एक व्यक्तिले एउटा भन्दा बढी पदमा रही दोहोरो तलब भत्ता लिन मिल्ने व्यवस्था नभएकोले उक्त रकम दिन मिल्ने आधार पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ। रु</td><td>७००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८६			**प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फः** प्रगति विवरण- प्रदेश पूर्वाधार विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने प्रदेश पूर्वाधार विकास कार्यक्रमको लागि यस पालिकालाई ६ योजना संचालन गर्न रु ८० लाख २७ हजार बजेट प्राप्त भएकोमा उक्त योजना कार्यान्वयन गरि रु.७७०५९५५ ।०० खर्च भई ९६ प्रतिशत खर्च प्रगति भएको छ ।	
८७			**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः**	
८७.१			प्रगति विवरण- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको 6 योजनाको लागि यस पालिकालाई रु. ५५ लाख बजेट प्राप्त भएकोमा यस वर्ष पालिकाले रु. ५५ लाख नै खर्च गरी १०० प्रतिशत वित्तिय प्रगति भएको छ ।	
८७.२			बढी भूक्तानिः पालिकाले विष्लेषण गरी तयार पारेको दररेट अनुसार योजनाको भूक्तानि दिनु पर्दछ।स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका विभिन्न योजनामा देहाय बमोजिमका कार्यहरुमा फरक दर प्रयोग गरेकोले बढी भूक्तानि भएको रकम समबन्धितबाट असुल हुनुपर्ने रु	१७४,३२३

योजनाको नाम	काम	परिमाण	भएको दर	हुनुपर्ने दर	फरक दर	बढी भूक्तानि
टारी क्याम्पस जाने बाटो	पि सि सि १।२।४	४७।४२	११७८६	१०३९२	१३९४	६६१४९
टारी क्याम्पस जाने बाटो	स्टोन मेसिनरी वाल १।६	१।७४	९२८७	७७४२	१५४५	२६८९
विप्लुङ मोटरबाटो निर्माण	स्टोन मेसिनरी वाल १।६	७३	९२८७	७७४२	१५४५	१०५४८५
जम्मा						१७४३२३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८७.३			गो भौ नं १० बाट सुगुरे पुछार माझगाउँ सिंचाई योजना निर्माण उपभोक्ता समितिलाई कार्य सम्पन्न गरी भूक्तानि भएको छ। उक्त योजनाको लागत अनुमान तयार गर्दा 63 mm HDPE pipe (service pn 10) को पाईप २२०० परिमाणमा २२१ को दरले रु ४८६२०० मूल्यको प्रयोग हुने भनी लागत तयार गरेकोमा कार्य सम्पन्न बिलमा उपभोक्ता समितिले १७५० मि पाईप रु ३२९।९४ को दरमा प्रयोग गरेको बिल पेश गरेको छ ।यसरी लागत अनुमान भन्दा बढी दरमा कार्यसम्पन्न भइ भूक्तानि भएको छ। लागत अनुमान तयार गर्दा pn 10 नभइ pn 6 को भएको र २२१ मा pn 6 को मुल्य भएको लेख्नमा गल्ती भएको कार्यालयको भनाइ रहेको छ ।यसरी लागत अनुमान तयार गर्दा स्पष्ट रुपमा खुल्नेगरी गर्नुपर्ने देखिन्छ।	
८८			**जटिल संरचना निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकालेआर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका अन्य भवन, खानेपानी टंकीलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरुमार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्	

गो भौ	उपभोक्ता समितिको नाम	कामको विवरण	सम्पन्न रकम	भुक्तानी रकम
२७-२०७७।७।१७	स्वास्थ्य चौकि भवन निर्माण उ स	भवन निर्माण कार्य	७२४५२५४	४२८४९३८
६२-२०७७।१०।१२	प्रार्थमिक स्वास्थ्य केन्द्र भवन निर्माण उ स	भवन निर्माण कार्य	७०२६४०८	१७०८४१६
२८,६६-२०७७।१०।१४	६ नं वडा कार्यालय भवन निर्माण उ स	वडा भवन निर्माण (रनिङ विल	-	४७७९१६२
१६७-२०७८।२।१८	५ नं वडा कार्यालय भवन निर्माण उ स	५ नं वडा भवन निर्माण(रनिङ विल)	-	४८१७०४८

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गराउन मिल्ने व्यवस्था गरेको देखिदैन । माथि उल्लेख भए अनुसार कार्यालय भवन तथा सरकारी संरचना उपभोक्ता समितिबाट गराउन मिल्ने देखिदैन । तसर्थ कार्यालय प्रयोजनका लागि आवश्यक निर्माण कार्य तथा उपभोक्ता समितिलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८९			**स्टोन प्याकिङ्गमा बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्विकृत नर्मसको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै पालिकाले प्रतेक वर्ष जिल्ला दररेटलाई आधार मानि निर्माण कार्य तथा सामाग्रीको दर विश्लेषण गरी उक्त दर विश्लेषण स्विकृत गराई राख्नु पर्दछ । यो वर्ष पालिकाले स्विकृत गरेको दर विश्लेषण अनुसार ग्यावियन(जाली) मा ढुङ्गा भर्ने कार्यको दर प्रति घन मिटर रु २२२०।०३ स्विकृत गरेको छ । विभिन्न योजनामा उक्त दरका आधारमा लागत अनुमान तयार गरी उपभोक्ता समितिसंग सम्झौता गरी सोहि आधारमा भुक्तानी गरेको भएता पनि लेखापरीक्षणको क्रममा देहायका भौचरमा स्टोन प्याकिङमा पालिकाले स्विकृत गरेको भन्दा फरक दरमा भुक्तानी गरेको देखिएकोले सम्वन्धित उपभोक्ताबाट असुल गर्नुपर्दछ । रु	१५३,०९२

गोश्वरा भौचर	उपभोक्ता समिति	कामको परिमाण	स्विकृत दर	प्रयोग दर	बढी भुक्तानी
१२४-२०७८।१।८	जलविरे फुल्पिङकोट सडक घर वचाउ उ स	६२ घ मि	२२२०।०३	२९८७।०९	४७५५८
१९६-२०७८।३।२	मट्यौली फाँटवस्ति सडक मर्मत उ स	६६ घ मि	२२२०।०३	२९८७।०९	५०६२६
१९७-२०७८।३।२	सोरेनि मोड गहते थारचौर सडक मर्मत उ स	३५	२२२०।०३	२९८७।०९	२६८४७
२४६-२०७८।३।२०	चिम्लिङ सडक मर्मत उ स	१०४ घ मि	४४३३।७०	४७०३।५२	२८०६१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९०			**हेवि इक्यूपमेण्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन	

गो भौ	उपभोक्ता समितिको नाम	पालिकाबाट भुक्तानी रकम	कन्ट्रयाक्टर	हेभी उपकरणमा भएको खर्च

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७-२०७७।८।११</td><td>वडा स्तरिय सडक मर्मत उ स वडा नं १</td><td>४८५०००</td><td>जुगल जलविरे कन्स्ट्रक्सन (ईन्धन समेत)</td><td>५५६१९८</td></tr>
<tr><td>५६-२०७७।९।१६</td><td>वडा नं५ घडेरी सम्याउने उ स</td><td>९७००००</td><td>खरेन्द्र सप्लायर्स(ईन्धन समेत)</td><td>१०९६६४८</td></tr>
<tr><td>८९-२०७७।११।२०</td><td>नौविसे फुल्पिङकोट सडक उ स</td><td>१९४०००</td><td>फ्याफुल्ला कन्सट्रक्सन प्रा लि</td><td>१९५४६५</td></tr>
<tr><td>९३-२०७७।११।२५</td><td>कातिके चिलाउने सडक निर्माण उ स</td><td>६७९०००</td><td>एल एस ए ए मल्टि पर्पोज कम्पनी</td><td>१०९३२९८</td></tr>
<tr><td>२०४-२०७८।३।६</td><td>मुलावारी वदर्पा मोटरवाटो उ स</td><td>४८५०००</td><td>देउराली विज्नेस ग्रुप प्रा लि</td><td>५४९९५०</td></tr>
<tr><td>२९५-२०७८।३।२४</td><td>सेल्ताप सडक नयाँ ट्र्याक उ स</td><td>४८५०००</td><td>एल एस ए ए मल्टि पर्पोज कम्पनी</td><td>५६६७४८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>पाईप खरिद</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९१.१			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ मा रु पाँच लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, पाँच लाख भन्दा माथि बिस लाख रुपयाँसम्म सिलबन्दी दरभाउपत्रवाट र सो भन्दा माथि बोलपत्रको माध्यमवाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढी खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। यो वर्ष गाउँपालिकाले माथि उल्लेखित गोश्वरा भौचरवाट विभिन्न साईजका HDPE पाईप खरिद गर्दा सोझै विधिबाट एउटै आपूर्तिकर्तासंग पटक पटक खरिद गरेको देखिएकोले उक्त कार्य नियम सम्मत देखिएन	
९१.२			कार्यालयले कुनै निर्माण कार्य गर्दा उक्त निर्माण कार्यको प्राविधिक कर्मचारीबाट लागत अनुमान तयार गराउनु पर्दछ । साथै निर्माण कार्य सम्पन्न भएपश्चात उक्त निर्माण कार्यको प्राविधिक कर्मचारीबाट नापजाँच गरि नापी कितावमा चढाई ठेक्का विल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोहि आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले देहायका गोश्वरा भौचरबाट खानेपानी तथा सिंचाई कार्यको लागि विभिन्न साईजका ३६९४८ मिटर HDPE पाईप सोझै खरिद गरि विभिन्न सप्लायर्सलाई जम्मा रु ५१६००९२। भुक्तानी गरेको छ।खरिद भएका पाईपहरु जिन्सीमा आम्दानी बाँधि गाउँपालिका अध्यक्षको तोक आदेशमा विभिन्न व्यक्तिलाई वितरण गरेको देखिन्छ । यसरी व्यक्ति व्यक्तिलाई वितरण गरेको पाईप लेईङ ज्वाईन्टिङ गरेको सम्वन्धमा प्राविधिक कर्मचारीबाट नाप जाँच गरि नापि किताव तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरेको नदेखिएकोले वितरण भएका पाईपहरुको सहि सदुपयोग भएको सम्वन्धमा एकिन हुन सकेन । त्यसैले ति पाईपहरु लेईङ ज्वाईन्टिङ गरेको सम्वन्धमा प्राविधिक कर्मचारीबाट नाप जाँच गरि नापि किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ । रु	५,११६,०९२

गोश्वरा भौचर नं	सप्लायर्सको नाम	पाईप परिमाण(मिटर)	जम्मा रकम	भर्पाई संख्या
३५-२०७७।८।१०	आरुष ट्रेडर्स	१३३५	४३७२५७	४ जना
३८-२०७७।८।१०	विवेक ट्रेडर्स प्रालि	२०००	४९७०००	८ जना
४१-२०७७।८।२७	ओम कालिन्चोक हार्डवेयर एण्ड सप्लायर्स	७०००	४९९६८६	१८ जना
४५-२०७७।८।२५	आरती ईन्टर प्राईजेज प्रा लि	१६००	४५३५७०	५ जना

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३-२०७७।९।८</td><td>फ्युचर ट्रेडर्स प्रा लि</td><td>१३४०</td><td>४४९३५९</td><td>२ जना</td></tr>
<tr><td>८५-१०७७।११।१८</td><td>सत्य साईवावा ईन्टरप्राईजेज</td><td>३०३९</td><td>१०००००</td><td>७ जना</td></tr>
<tr><td>९२-२०७७।११।२०</td><td>सत्य साईवावा ईन्टरप्राईजेज</td><td>१४५०</td><td>७००७३</td><td>४ जना</td></tr>
<tr><td>९४-२०७७।११।२६</td><td>फ्यूचर ट्रेडर्स प्रा लि</td><td>५८२०</td><td>३४६९८८</td><td>९ जना</td></tr>
<tr><td>९६-२०७७।११।२६</td><td>आरती ईन्टरप्राईजेज</td><td>२१२०</td><td>४०५३२२</td><td>९ जना</td></tr>
<tr><td>१०१-२०७७।१२।३</td><td>श्री युनिक ट्रेडर्स</td><td>४४५</td><td>३९७४५६</td><td>१ जना</td></tr>
<tr><td>१०३-२०७७।१२।४</td><td>इशिका ट्रेडर्स प्रा लि</td><td>६८०</td><td>३९९४६०</td><td>नखुल्ने</td></tr>
<tr><td>१०४-२०७७।१२।४</td><td>विवेक ट्रेडर्स प्रा लि</td><td>१८५७</td><td>४५७८२२</td><td>८ जना</td></tr>
<tr><td>१४०-२०७७।१२।९</td><td>विवेक ट्रेडर्स प्रा लि</td><td>२६७</td><td>९९२६२</td><td>नखुल्ने</td></tr>
<tr><td>१७१-२०७८।१।१४</td><td>ओम कालिन्चोक हार्डवेयर एण्ड सप्लायर्स</td><td>४२४५</td><td>४९८६८०</td><td>नखुल्ने</td></tr>
<tr><td>१७३-२०७८।२।२४</td><td>विवेक ट्रेडर्स प्रा लि</td><td>३७५०</td><td>४९७५१६</td><td>नखुल्ने</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३६९४८</td><td>५१६००९२</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९२			**पर्खालमा बढी दर** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संचरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा पर्खाल लगाउने कार्य १:४ को प्रति घ.मि.रु ८१४९ र १:६ को ७७४२.६० हुने देखिन्छ । तर पालिकाले लागत अनुमान गर्दा सडक निर्माणको लागि स्वीकृत भएको दरविश्लेषणको प्रयोग नगरी डोलिडारको नर्म्सको प्रयोग गरि पर्खाल लगाउने काममा १:४ को प्रति घनमिटर रु ९६१७.३४ र १:६ को ९२८७.८२ दर विश्लेषण गरि लागत अनुमानकै दरमा उपभोक्ता सँग सम्झौता भई सोही दरमा भुक्तानी भएकोले पालिकालाई देहाय बमोजिम थप व्ययभार परेको छ ।	१६५,८९३

गोश्वरा भौचर	उपभोक्ता समिति	पर्खालको काम	परिमाण	प्रयोग गरेको दर	बढी दर	व्ययभार रकम
१९५	लामो साँघु स्वारा सडक मर्मत	स्टोन मेशिनरी १:४	८४.६८	९६१७.३४	९६८.३४	८१९९९
२४६	चिमलिंग रोड मर्मत कार्य	स्टोन मेशिनरी १:४	२४.८०	९६१७.३४	९६८.३४	२४०१४
१५७	ईलाका प्रहरी कार्यालय कम्पाउण्ड वाल	स्टोन मेशिनरी १:४	३३.१२	९६१७.३४	९६८34	३४५७९
२०	कागुने गोरेटो बाटो वडा नं ८	स्टोन मेशिनरी १:४	३५.७१	९६१७	९६८.34	३४५७९
१६३	स्वास्थ्य चौकी भवन निर्माण	पि सि सि १:२:४	१८.२५	१६४८८७८	१३८६.३६	२५३०१
		जम्मा				१६५८९३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९३			**दाखिलाबाँकी कर** आय कर ऐन २०५८ अनुसार भुक्तानी गर्दा दफा ८८ वा ८९ बमोजिक कर कट्टी गर्नुपर्ने तथा उक्त कर रकम सम्बन्धित राजश्व खातमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को चालु तर्फको विभिन्न भुक्तानीमा नियमानुसार कट्टी गरेको कर रकम रु.१८२६८७४ संघीय संचितको दाखिला गरेको देखिएन । उक्त रकम पालिका श्रोतबाट खर्च लेखि संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ । रु	१,८२६,८७४
९४			संपरीक्षण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ ।	

आर्थिक वर्ष	बेरुजूको दफा नं	फछ्र्यौटको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार			
			असुली	प्रमाण	नियमित	पेश्की
२०७५।७६	२४।१	विलालयबाट उक्त रकम असूल गरि दाखिला गरेको प्रमाण पेश	१२५००	०	०	०
२०७५।७६	३२	अवडा अध्यक्षले भुक्तानी लिएको रकम गोभौ ३३१ मिति २०७६।०२।०६ बाट पेश्की फर्छ्यौट गरेको	०	०	०	३०००००
२०७५।७६	३४	दाखिला बाँकी कर रकम संघीय संचितको दाखिला गरेको प्रमाण पेश	६०८७६३	०	०	०
२०७५।७६	५६	कार्यसम्पनन प्रतिवेदन पेश	०	३२०००००	०	०
२०७५।७६	५९	बढी भुक्तानी रकम असूल भएको	१८०००	०	०	०
२०७५।७६	६०	बढी भुक्तानी रकम असूल	३०००	०	०	०
२०७५।७६	६१	बढी भुक्तानी भएको रकम असूल भएको	२५००	०	०	०
२०७५।७६	६२	बढी भुक्तानी रकम असूल भएको	८००	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७५।७६	६४	बढि भक्तानी भएको रु ९४४१७ मध्ये रु ३५४२४ असूल भएको	३५४२४	०	०	०
२०७५।७६	६५	दफा न् ६० सँग दोहोरव परेको प्रमाण	०	१६००	०	०
२०७५।७६	६८	सोझै खरिद मिति २०७८।०९।२८ को दशौ गाउँसाभाको निर्णय नं ६ ङ बाट नियमिति गरेको	०	०	९९९५१५	०
२०७५।७६	६९	बढी भुक्तानी रकम असूल भएको	५३००	०	०	०
२०७५।७६	७१	सोझै खरिद मिति २०७८।०९।२८ को दशौ गाउँसाभाको निर्णय नं ६ च बाट नियमिति गरेको	०	०	७००८१०	०
२०७५।७६	७८	असूल गरी दाखिला गरेको भौचर पेश	२२५६	०	०	०
२०७४।७५	१६	आर्थिक सहायता मिति २०७८।०९।२८ मा बसेको गाउँसभाको निर्यण नं ५ क बाट नियमित भएको	०	०	१०००००	०
२०७४।७५	२४	सोझै खरिद मिति २०७८।०९।२८ को दशौ गाउँसाभाको निर्णय नं ५ ग बाट नियमिति गरेको	०	०	२२९२८२४	०

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७४। ७५	३४	शिर्षक फरक परेको रकम मिति २०७८।०९। २८ को दशौ गाउँसभाको निर्यण नं ५ घ बाट नियमिति भएको	०	०	५२०००	०
जम्मा			६८८५४३	३२०१६००	४१४५१४९	३०००००